## गणतन्त्र दिवसको शुभकामना

काठमाडौं । नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी राष्ट्रिय गणतन्त्र दिवसको शुभकामना व्यक्त गरेको छ । विज्ञप्तिमा भनिएको छ- जेठ १५ गते राष्ट्रिय गणतन्त्र दिवस । सर्वप्रथम प्रगतिशील लोकतान्त्रिक गणतन्त्र स्थापनाको निम्ति राष्ट्रिय संयुक्त जनआन्दोलनको क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्ने महान अमर शहिदहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । नेपालमा गणतान्त्रिक व्यवस्थालाई **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## नेपालीको टाउकोमा २९ हजार ऋण

काठमाडौं । पछिल्लो ८ महिनामा प्रतिव्यक्ति सार्वजनिक ऋण दायित्व ४ हजार ६९३ रुपैयाँ थपिएको छ । अघिल्लो आर्थिक वर्ष २०७३।७४ मा प्रतिव्यक्ति ऋण २४ हजार २७० थियो । सरकारले गत १३ जेठमा सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार चालु आर्थिक वर्ष ०७४।७५ को ८ महिनामा एक व्यक्तिको टाउकोमा अब २८ हजार ९ सय ३३ रुपैयाँ ऋण पुगेको छ । **बाँकी ८ पेजमा**

वर्ष ७ अंक ७, २०७५ साल जेठ १८ गते शुक्रबार, नेपाल संवत् ११३८ (june. 1, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# स्वराजले खोलिन् मोदी भ्रमणको रहस्य

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गत वैशाख २८ र २९ गतेको नेपालको राजकीय भ्रमणको उद्देश्य भारतकी विदेशमन्त्री सुष्मा स्वराजले खुलस्त गरेकी छन् । मोदी भ्रमण केवल तीर्थाटन यात्रा मात्र हो भनेर विश्लेषण गर्नेहरु अहिले गलत देखिएका छन् । गत २८ मेमा विदेशमन्त्री स्वराजले वार्षिक समीक्षात्मक पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्रीले वैशाख २८ गते नेपालको भ्रमण गर्दा लाखौं भारतीयलाई सम्बोधन गरेको बताइन् । स्वराजको भनाइ सार्वजनिक हुनेबित्तिकै सामाजिक सञ्जालमा त्यसको चर्को विरोध भयो । त्यसपछि उनले ट्वीटमार्फत गल्ती भएको स्वीकार्दै क्षमा याचना गर्न पुगिन् । परराष्ट्र मन्त्रालयले पनि विज्ञप्ति जारी गर्दै स्वराजको अभिव्यक्तिलाई 'दुर्भाग्यपूर्ण बतायो । भारतीय विदेशमन्त्री स्वराजले आफूले गलत बोलेको भने पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमण भारतीय आप्रबासीहरुलाई सम्बोधन गर्नकै लागि भएको हो भन्नेमा विमति जनाउन सकिन्न । स्वराजले अमेरिकादेखि जनकपुर भ्रमणमा लाखौं भारतीयहरुलाई मोदीले सम्बोधन गरेको सगौरव खुलासा गरेकी छन् ।

नेपाल एक सार्वभौम, स्वतन्त्र र स्वाधीन देश हो । नेपालको नाममा यसको स्वतन्त्र अस्तित्व पच्चीस सय वर्ष अघिदेखि नै रहेको पाइन्छ । ऐतिहासिक पारमाणिक अभिलेख जसमा तिथिमिति उल्लेख छ, त्यो हो समुद्र गुप्त सन् ३५०-३७५ को प्रयाग अभिलेख । जसमा नेपाल देशको अस्तित्व वर्णित छ । तर भारत नामको देशको इतिहास कतै पनि पाइँदैन । ६६२ वटा स्वतन्त्र राज्यहरु जहाँ राज शासन थियो तिनलाई ब्रिटिसहरुले परास्त गरेर इन्डियाको रुपमा शासन गरेका थिए । सन् १९४७ अघिसम्म भारत नामकरण गरिएको देश एसियाली मानचित्रमा थिएन । जब ' इन्डिपेन्डेन्ट एक्ट अफ इन्डिया' नामको विधेयक ब्रिटेनको हाउस अफ कमनले पास गर्‍यो इन्डिया र पाकिस्तान दुई देशको अर्थात् दुई राष्ट्रियताको व्याख्या गर्‍यो । त्यसमा पूर्व र पश्चिम गरी २३ राज्य मिलाएर पाकिस्तान र ६३९ राज्यको इन्डिया (भारत) बनायो । भारत र पाकिस्तान सन् १९४७ मा अस्तित्वमा देखिए । एसियाबाट ब्रिटेन भ्रमण



गर्ने स्वतन्त्र देशका प्रथम प्रधानमन्त्री जंगबहादुर राणा थिए । उनले सन् १८५० मा फ्रान्स र ब्रिटेनको भ्रमण गरेका थिए । नेपालले सन् १८१४ मा ब्रिटिस साम्राज्यसँग युद्ध लडेको थियो । सन् १८१६ मा जब नेपाललाई सुगौली सन्धिमा हस्ताक्षर गर्न ब्रिटिसहरुले बाध्य पारे, त्यसले नेपालले ४८ हजार वर्गमाइल भूमि गुमाउनुपर्‍यो । भारत र पाकिस्तानको भौगोलिक व्याख्यामा नेपालको खोसिएको भूमि समावेश छैन । बरु स्वतन्त्र भारत बनिसकेपछि पनि भारतीय शासक वर्गले नदी तटीय क्षेत्र र भूक्षेत्र गरी १२८० वर्गकिमि साविक जंगेपिलरभित्रको जमिन अतिक्रमण गरेका छन् ।

ब्रिटिसहरुले भारत छोडेर गए पनि भारतीय शासक वर्गमा उपनिवेशवादी मानसिकता भने ब्रिटिसहरुकै रह्यो । स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरुले लोकसभामा भारत हिमालयसम्म आफ्नो सीमा ठान्छ भन्दै स्वतन्त्र नेपालको अस्तित्वमाथि हस्तक्षेप गरेका थिए । तत्कालीन गृहमन्त्री सरदार बल्लभभाइ पटेलले त नेपाललाई भारतमा गाभ्न नेहरुसँग स्वीकृति नै मागेका थिए । नेपालले सन् १९४९ मै संयुक्त राष्ट्र संघको सदस्यताका लागि सूचना पत्र पठाइसकेको थियो । सो सूचना पत्रमा उल्लेख थियो- 'शताब्दीऔंदेखि नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र रहँदै आएको छ । यो कसैबाट कहिल्यै पनि पराजित भएको छैन । कुनै विदेशी शक्तिले यस देशलाई न कहिल्यै आफ्नो अधिनमा राखेको छ न यसका आन्तरिक र बाह्य मामिललामै हस्तक्षेप गरेको छ । नेपालको भूमिमा कहिल्यै पनि विदेशी झन्डा फर्फराएको छैन ।

(नेपालका वैदेशिक सम्बन्ध विषयक केही कागजातहरु पृष्ठ ३)

नेपाललाई भारतमा मिलाउँदा अन्तर्राष्ट्रिय रुपमा बदनाम हुइन्छ भन्दै नेहरुले पटेललाई रोकेका थिए । यद्यपि नेहरुले २००७ सालमा राजा, राणा र कांग्रेसबीच त्रिपक्षीय सम्झौता गराएर भारत सरकारद्वारा नियुक्त सल्लाहकारको सल्लाह अनिवार्य लिनुपर्ने, ती सल्लाहकार दरबारभित्रै बस्न पाउनुपर्ने, नेपाली नागरिकहरुले राजासँग भेट माग्दा दिएका निवेदनहरु राजाका प्रमुख स्वकीय सचिवले एडभाइजरको स्वीकृति लिएर मात्र दर्शनभेट गराउने, प्रथम एडभाइजरको रुपमा भारतका आईसीएस अफिसर गोविन्दनारायण सिंहलाई नियुक्त गराएर राजा त्रिभुवनलाई दिल्लीको पटियाला हाउस डेराबाट काठमाडौं फर्काएका थिए । नेपालको आन्तरिक मामिलामा नेहरुले सुरु गरेको हस्तक्षेप नरेन्द्र मोदीसम्म आइपुग्दा नेपाली राष्ट्रियतामाथि **बाँकी ८ पेजमा**

## छिङ्गाई अन्तर्राष्ट्रिय गलैंचा प्रदर्शनीमा नेपालको सहभागिता हुने

काठमाडौं । जनगणतन्त्र चीनको छिङगाई प्रान्तको सिनिङ सहरमा यही जुन २ देखि ६, २०१८ सम्म आयोजना हुन गइरहेको छिङ्गाई अन्तर्राष्ट्रिय गलैंचा प्रदर्शनीमा नेपाल गलैंचा निकासीकर्ता संघले भाग लिँदैछ । संघका विभिन्न सदस्य कम्पनीहरुले मेलामा हस्तनिर्मित गलैंचा **बाँकी ८ पेजमा**

## भारतसँग घाटाको व्यापार

काठमाडौं । नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार मुलुक भारततर्फको व्यापारघाटा उच्च दरमा बढ्दै गएको छ । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणको मुख्य एजेन्डामा व्यापारघाटा पनि सूचीकृत थियो । ओलीको राजकीय भ्रमणले भारततर्फको डरलाग्दो व्यापारघाटा न्यूनीकरणमा ठोस प्रगति हुने अपेक्षा गरिएको थियो तर व्यापारघाटा न्यूनीकरणका विषयमा ठोस सम्झौता हुन सकेन । **बाँकी ८ पेजमा**

## सीमा स्तम्भ फेरि हराए

काठमाडौं । नेपाल र भारतबीच सीमा विवाद अझै सुल्झिन सकेको छैन । भारतले सीमा क्षेत्रका जंगेपिलरहरु भत्काएर, सारेर र नयाँ खडा गरेर नेपाली भूभाग अतिक्रमण गर्ने कार्यलाई तीव्रता दिइरहेको छ । सन् १८१६ देखि १८६४ सम्ममा पूर्वपश्चिम गरी ९९४ सीमा स्तम्भ जंगबहादुरले बनाएका थिए । नेपालको सिमाना बाँधेका थिए । सन् १८६० देखि १९४७ सम्म अंग्रेजहरुले नेपालको सिमाना कहिल्यै उल्लंघन गरेनन् । तर जब अंग्रेजहरुले भारतीयहरुलाई सत्ता हस्तान्तरण गरे, त्यही बेलादेखि नेपाली भूभागमाथि अतिक्रमण सुरु भयो । नेहरुले कालापानीमा भारतीय फौज राखेर सुरु भएको भारतीय भूअतिक्रमण कहिल्यै रोकिएन ।

पछिल्लो पटक नेपाल भारत सीमा क्षेत्रको पाँचथरतर्फको १६ वटा साना स्तम्भ हराएका छन् । पाँचथर प्रहरीले गरेको अवलोकनका क्रममा स्तम्भहरु हराएको पाइएको हो । पाँचथरतर्फको ४४ दशमलव ३८ किलोमिटर सीमा क्षेत्रमा रहेका १ सय १३ वटा सीमा स्तम्भ हराएको जिल्ला प्रहरी कार्यालय, पाँचथरले जनाएको छ ।

उत्तरपूर्वी पाँचथरको याङवरक गाउँपालिका १ र २ फालेलुङ गाउँपालिकाको ३,४ र ७ नम्बर वडा भारतको सिक्किम र पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको छ । पाँचथरतर्फको सीमा क्षेत्रमा रहेका १ सय १३ वटा सीमा स्तम्भमध्ये १ सय ३ साना स्तम्भ थिए । प्रहरीले यो क्षेत्रमा १६ दिन लगाएर सीमा स्तम्भ अध्ययन गरेको थियो । अध्ययनका क्रममा ८७ वटा मात्र साना स्तम्भ फेला परेका छन् ।

फेला परेका सीमा स्तम्भ पनि मर्मत सम्भार गर्नुपर्ने अवस्थाका छन् । अधिकांश स्तम्भ पुराना भएर ढलेका तथा ढल्ने अवस्थामा छन् भने केही सीमा स्तम्भ पहिरोको **बाँकी ८ पेजमा**

## एसएसपी खत्रीले गरे आत्मसमर्पण



काठमाडौं । सुन तस्करीमा मुछिएका फरार प्रहरी वरिष्ठ उपरीक्षक श्याम खत्रीले जिल्ला अदालत मोरङमा आत्मसमर्पण गरेका छन् । उनको खोजीमा अन्तर र्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) मा डिफ्युजन नोटिस जारी भएको थियो ।

प्रकरणका मुख्य अभियुक्त चुडामणि उप्रेती 'गोरे' ले खत्री विमानस्थलमा रहँदादेखि एक किलो सुन पास गराउँदा ५० हजार लिने **बाँकी ८ पेजमा**

## राई सरको अन्तिम बिदाइ

काठमाडौं । ताप्लेजुङ जिल्लाको हाङपाङ हाल आठराई त्रिवेणी वडा नं. ३ मा शिक्षाको जग बसाउने गुरु गणेशबहादुर राईको ८१ वर्षको उमेरमा असामयिक निधन भएको छ । लामो समयसम्म प्यारालाइसिस लगायतका रोगका कारण थलिएका राईको जेठ १३ गते बिहान हिमाल अस्पतालमा निधन भएको र त्यसै दिन पशुपतिमा अन्तिम संस्कार गरिएको थियो । धार्मिक परम्पराअनुसार जेठ १६ गते बानेश्वरको थापा गाउँ पार्टी प्यालेसमा चोखिने कार्यक्रम सम्पन्न हुनुका साथै श्रद्धाञ्जली सभाको समेत आयोजना गरियो । राई सरको सम्झनामा उहाँका विद्यार्थी, इस्टमित्र, समकालीन साथीहरु तथा शुभेच्छुकहरुले १ मिनेट मौन धारण गरी चिरशान्तिको कामना प्रकट गरेका थिए ।

कार्यक्रममा ताप्लेजुङको भानु माविका पुराना हेड सर तथा पूर्व सांसद कम्युनिस्ट नेता नन्दकुमार प्रसाईंले गणेशबहादुर राईको व्यक्तित्व



र योगदानबारे चर्चा गर्नुभएको थियो । दार्जिलिङमा जन्मिएर उतै स्नातक गरेका राईले २०१८ सालदेखि २०३८ सालसम्म बीस वर्ष सरस्वती माविको प्रधानाध्यापक भएर शैक्षिक विकासमा योगदान पुर्‍याउनुभएको थियो । राईका समकालीन थुप्रै स्नातकहरु दार्जिलिङबाट काठमाडौं आई सरकारी सेवामा प्रवेश गरेका भए पनि राईले **बाँकी ८ पेजमा**

## सम्झौता सम्पन्न



काठमाडौं । स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ४ रामकोश बेलघारमा ढाका कपडा बुनाइ तालिम सञ्चालन गर्ने सम्बन्धमा सुभाष टक्सटाइल र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच यही वैशाख १२ गते एक सम्झौता सम्पन्न भएको छ ।

सम्झौता अनुरुपको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न कुल रकम रु. ३ लाख ४६ हजार हुने र सुरेन्द्र ढकाल प्रतिष्ठानबाट रु. १,६०,००० को सहयोग हुने भएको छ भने बाँकी रकम रु. १८६,००० सुभाष टक्सटाइल आफैंले ब्यहोर्ने छ । सम्झौता **बाँकी ८ पेजमा**

## तरकारी बजारमा सिन्डिकेट

काठमाडौं । नेपाल कृषि प्रधान देश हो । तर यही देशका किसानले आफ्नो उत्पादनको मूल्य तोक्न पाउँदैनन् । किसानले लागत तोक्न पाउँदैनन् । व्यापारी र बिचौलियाले तीन सय प्रतिशतसम्म मुनाफा आर्जन गर्छन् । उपभोक्ताहरु चर्को मूल्यमा तरकारी किन्न बाध्य छन् । उपभोक्ता हित संरक्षणका **बाँकी ८ पेजमा**

**समय–सन्दर्भ**

## न्याय हारेको दिन

■ **सुस्मिता राणा**

ओखलढुंगाका उज्जनकुमार श्रेष्ठ हत्यामा दोषी करार भई कर्तव्य ज्यान मुद्दामा जेल सजाय काटिरहेका पूर्व माओवादी नेता बालकृष्ण ढुंगेललाई गणतन्त्र दिवसको अवसर पारेर असल चालचलन देखिएको भनी सरकारले आम माफी दिएर जेलमुक्त गरेपछि देशमा दण्डहीनताको खतरा बढेको छ । सरकारको नजरमा असल चालचलन ठहर भएका ढुंगेल २०६६ पुस १९ गते सर्वोच्च अदालतको सर्वस्वसहित जन्मकैदको फैसलापछि फरार सूचीमा रहेका थिए । उनी फरार भनिए पनि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईसँग सरकारी हेलिकप्टर चढेर ओखलढुंगाको एक सार्वजनिक कार्यक्रममा सामेल भएका थिए भने तत्कालीन प्रहरी निरीक्षक कुवेर सिंहसँगै कुम जोडेर सार्वजनिक कार्यक्रममा देखा पर्थे । जिल्ला अदालत ओखलढुंगाले उनलाई गरेको सजायलाई पुनरावेदन अदालतले उल्टाएको थियो । पुनः पीडित परिवारले सर्वोच्च अदालत



गुहारेका थिए र जिल्ला अदालतको फैसलालाई सदर गरेको थियो । सर्वोच्च अदालतको आदेश आठ वर्षसम्म कार्यान्वयन हुन सकेन ।

ओखलढुंगाकै एक कार्यक्रममा ढुंगेलले अदालतलाई 'कथित' को संज्ञा मात्र दिएनन्, उनका विरुद्ध भएको फैसला खारेज गरिएको बताए । उनले तत्कालीन प्रधानन्यायाधीशलाई पक्राउ गर्न मञ्चबाट वारेन्ट समेत जारी गरे । उनलाई सजाय तोक्ने न्यायमूर्तिलाई नामै किटेर 'फिला काट्ने' हिंसायुक्त धम्की दिए । पूर्वन्यायाधीश र तत्कालीन प्रधानन्यायाधीश समेतलाई धम्क्याएकोमा अदालतको मानहानि मुद्दामा २०७४ चैत ३१ गते सर्वोच्चका न्यायाधीश डा. आनन्दमोहन भट्टराईको एकल इजलासबाट सात दिनभित्र निज ढुंगेललाई गिरफ्तार गरी प्रतिवेदन पेस गर्न प्रहरी प्रमुखलाई ऐतिहासिक आदेश भयो । राजनीतिक संरक्षण प्राप्त ढुंगेललाई पक्रन प्रहरीले सहज रुपमा साहस देखाउन सकिन । अधिकतम खोजीको सूचीमा रहेका ढुंगेललाई आफ्नो पद नै धरापमा पर्ने भएपछि मात्र तत्कालीन प्रहरी प्रमुख प्रकाश अर्यालले गिरफ्तार गर्न **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** — तेजेन्द्र प्रसाईं
**प्रबन्ध सम्पादक** — कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** — किरण थापा
**अतिथि सम्पादक** — विष्णु भट्टराई
**सहसम्पादक** — घनश्याम ओली
**बजार व्यवस्थापन** — रामशरण रिमाल/धर्मराज पौडेल
सम्पादन सहयोगी : गोविन्द विक

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बजेट कर्मकाण्डी मात्र

सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेट गत मंगलबार सार्वजनिक गरेको छ । १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख रूपैयाँको आय, व्यय विवरण अर्थमन्त्री डा. युवराज खतिवडाले संसदसमक्ष प्रस्तुत गरेका छन् । वामपन्थी बहुमतको सरकारले जनतामा जुन उत्साह जगाएको थियो, बजेटले त्यो उत्साहलाई जीवित राख्न सकेन । वाम गठबन्धनले निर्वाचनमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने, प्रतिव्यक्ति आय पाँच हजार डलर पुऱ्याउने, प्रत्येक स्थानीय तहमा २५ देखि ५० शैयाको अस्पताल स्थापना गर्ने, स्थानीय तहमा प्राविधिक शिक्षाको स्कुल स्थापना गर्नेलगायत विषय राखेर घोषणापत्र जारी गरेको थियो । अहिले सार्वजनिक भएको बजेटले त्यो घोषणापत्रलाई अलपत्र पारिदिएको छ ।

प्रधानमन्त्री केपी ओलीले जुन रफ्तारको भाषण गर्ने गरेका थिए, बजेटले त्यसलाई बिलकुलै पछ्याउन सकेको छैन । बजेटमा जनतालाई सम्बोधन गर्ने कुनै लोकप्रिय कार्यक्रम र नारासमेत छैन । बजेटले पुरानै कार्यक्रमलाई दोहोऱ्याएको छ । व्यवस्थापकबाट सिधै राजनीतिको उच्च तहमा फड्का मारेका अर्थमन्त्री युवराज खतिवडाले बजेटमा कुनै व्यवस्थापकीय क्षमताको कालीगढीता प्रस्तुत गर्न सकेका छैनन् । बजेटमा पुरानै योजनाहरू दोहोऱ्याउने काम भएको छ । केही नयाँ भनिएका योजनाहरूमा सातै प्रदेशमा सुरूङ मार्ग बनाउने र सातै प्रदेशलाई अन्तर्राष्ट्रिय नाकासँग जोड्ने रहेका छन् । तर यी योजनामा बजेट छुट्याइएको छैन ।

बजेटको लक्ष्य आगामी वर्ष ८ प्रतिशतको वार्षिक वृद्धिदर हासिल गर्ने रहेको छ । तर बजेट विकास खर्च घटाएर ल्याइएकाले वृद्धिदरको फड्को मार्ने कुरा कागजमा सीमित बन्ने देखिन्छ । पूर्वप्रधानमन्त्री तथा सफल अर्थमन्त्रीको रूपमा कहलिएका डा. बाबुराम भट्टराईले बजेटले सरकारको सपना तुहाएको छ भनेर प्रतिक्रिया व्यक्त गरेका छन् भने पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेटलाई वित्तीय अनुशासनहीनताको निरन्तरताका रूपमा लिएका छन् । नेपाली कांग्रेसका नेता डा. मिनेन्द्र रिजालले बजेट दिउँसै सपना देखाउने मात्र रहेको बताएका छन् । पूर्वअर्थमन्त्री भरतमोहन अधिकारीले पनि पार्टीको घोषणापत्र विपरीतको बजेट आएको प्रतिक्रिया व्यक्त गरेका छन् ।

चुनावको समयमा मतदातालाई वितरण गरिएको घोषणापत्र र राष्ट्रपतिबाट प्रस्तुत सरकारको नीति तथा कार्यक्रमसँग बजेटले मेल खाँदैन । मतदाता भ्रुक्याउन महत्वकांक्षी योजना अघि सारिएका थिए । एमालेले आफूलाई वृद्धवृद्धाको माया गर्ने पार्टीका रूपमा उभ्याउँदै आएको थियो । मनमोहन अधिकारीका पालामा १०० रूपैयाँ वृद्धभत्ताको सुरूवात गरेकोमा यसपटक वाम गठबन्धनको घोषणाले मासिक ५ हजार पुऱ्याउने भनेको थियो । वृद्धभत्ता वृद्धिको आशामा रहेका ज्येष्ठ नागरिकहरू निराश भएका छन् । शैक्षिक प्रमाणपत्र धितो राखेर दिने भनिएको ७ लाख ऋणले शैक्षिक बेरोजगार युवाहरू उत्साही भए तापनि त्यो ऋण सहुलियत पनि कृषि क्षेत्रको ऋण अनुदान जस्तै कार्यकर्ता र कमिसनतन्त्रलाई पोस्ने मात्र नहोला भन्न सकिन्न ।

बजेटले कर्मचारीहरूलाई पनि उचित सम्बोधन गर्न सकेन । थुप्रै आयोगका प्रतिवेदन माकुराले जालो लगाइसकेको अवस्थामा आयोगकै आशाको त्यान्द्रोमा कर्मचारीलाई भ्रुन्ड्याउने काम गरिएको छ । व्यापार घाटा चर्को रूपमा बढेर मुलुकले धान्न नसक्ने अवस्थामा पुगे तापनि बजेट व्यापार घाटा घटाउने दिशामा केन्द्रित छैन । कृषि उत्पादन दोब्बर बनाउने र दुई वर्षभित्रमा पर्यटन आगमन बीस लाख पुऱ्याउने ठोस आधार बजेटले सम्बोधन गर्न सकेको छैन । जतिसुकै सपना बाँडेर चर्को कुरा गरे तापनि बजेट परम्पराकै निरन्तरताका रूपमा मात्र आएको देखिन्छ । नयाँ जोश, जाँगर, उत्साह, उमंग बढाउन बजेटले सकेको छैन । राजस्व असुलीमा महत्वाकांक्षी लक्ष्य राखेर बजेट आएको भए तापनि त्यो पूरा हुन सहज छैन ।

# यसरी नै आउने हो समृद्धि, होइन त ?

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



अर्थमन्त्री बन्नेबित्तिकै युवराज खतिवडाले अगाडिको सरकारले ढुकुटी रित्याएको स्वेतपत्र जारी गरेका थिए । ढुकुटी कसरी रित्तिएको रहेछ भनेर उनले बताएनन् । यसै बीच ओली र उनको सरकारमा रहेका मन्त्रीहरुको हालै सम्पत्ती विवरण सार्वजनिक भएको छ । हुँदै नभएका भनिएको र चुनावताका चुनाव खर्च नभई जनतासँग चन्दा मागेका भनेका मन्त्री लालबाबुको पनि जिन्सी र नगदी गरेर करोड नाघ्ने सम्पत्ती रहेछ । देशको ढुकुटी नेताको बैंक एकाउण्टमा गएपछि रित्तिने नै भयो नि ।

अर्थमन्त्रीले नभने पनि समयले बताइहाल्यो किन देशको ढुकुटी रित्तिँदो रहेछ भनेर । अर्को कुरा स्वयं अर्थमन्त्रीलाई पनि आफ्नो नेपाली मुद्राप्रति पटक्कै विश्वास रहेनछ भनेर पनि थाहा लाग्यो । हुन पनि दोहोरो अंकमा मुद्रास्फिति भई बर्सेनि मूल्य घट्दै भएको नेपाली मुद्रालाई पढे गुनेको अर्थमन्त्रीले विश्वास गर्ने कुरा पनि त भएन नि । यसै कारण उनले नेपाली मुद्रामा नभै विदेशी मुद्रा डलरमा आफ्नो एकाउण्ट खोलेका रहेछन् । सायद यस्तो राष्ट्रवादी अर्थमन्त्री त नेपालले पहिले कहिले पनि पाएको थिएन क्यारे ।

बहुदल आएपछि नेपाली जनताले नेताहरु गरिब भएको, धेरै वर्ष जेल बसेको कारण खान नपाइ च्यांग्रे अनुहार परेको, जुत्ता किन्न नसकेर चप्पल पड्काएर हिंडने गरेको देख्थे । पञ्चहरुले मोज गरेको देख्ने बानी परेको नेपाली जनता आफ्ना नेताको त्यो हविगत देखेर भक्कानिन्थे । बहुदलीय जनवादलाई अंग्रेजीमा अनुवाद गर्ने क्रममा म दुई पटक मदन भण्डारीको चारढुंगे नक्सालस्थित डेरामा पुग्ने अवसर प्राप्त भएको थियो । उनको सादापन, बसाइको स्तर देख्दा साँच्चै नै नेताप्रति भित्रभित्रै श्रद्धा उर्लिएर आउँथ्यो । सायद तत्कालिन नेताहरुको सबैको नै त्यस्तै हविगत थियो ।

समयले कोल्टो फेऱ्यो । बहुदल आयो । भ्रष्टाचार गर्ने पञ्चहरु, जनहत्याराहरु कारवाहीमा परेनन् । मल्लिक आयोगको प्रतिवेदनलाई कांग्रेसको सरकारले रद्दीको टोकरीमा मिल्कायो । किनकी ऊ पञ्चलाई कारवाही गर्न चाहँदैनथ्यो बल्की पंचबाट सिक्न चाहन्थ्यो । कसरी राजनीतिलाई पेसा बनाइ धनआर्जन गर्ने भन्ने कुरा । कांग्रेसले राम्रै सिक्यो ऊ नवधनाढ्य भयो । कमिसन खाने भ्रष्टाचार गर्ने कुरामा उसले पंचलाई उछिन्यो । त्यसपछि पालो आयो एमालेको सत्तामा आउने । ऊ पनि के कम जसरी भ्रष्टाचार गर्ने काममा कांग्रेसले पंचलाई उछिन्यो, त्यसै गरी एमालेले कांग्रेसलाई उछिन्यो । देशमा नवधनाढ्यहरुको दिन दुई गुणा रात चौगुणा विकास हुन थालेपछि देशलाई लुट्न नसकेको अर्को समूहले पैसा कमाउने अर्को बाटो अँगाल्यो जनयुद्धको नाममा । चन्दा आतंक, बैंक लुटने कार्य गरी आफ्नो स्थितिलाई उसले मजवुत बनाउन सफल हुँदा उसले कमाउने काममा एमालेलाई पनि उछिन्यो । सबैभन्दा धनाढ्य उनीहरु बन्न पुगे । देशलाई एकपछि अर्को गर्दै लुट्ने सिण्डिकेटमा पंच, कांग्रेस एमाले र माओवादीबीच दरो मिलोमतो (कार्टेलिङ) भएकै कारण देशको ढुकुटी रित्तिन पुगेको रहेछ भन्ने कुरा समय आफैंले प्रमाणित गरिदियो । नेताहरु आफैंले आफ्नो सम्पत्ती करौडौं भएको पुष्टी गरे तर कुन स्रोतबाट आयो ती सम्पत्ती भन्ने कुरामा उनीहरु मौन छन् । मौन किन छन् भन्दा ती सम्पत्ती उनीहरुले पसिना बगाएर कमाएका थिएनन्, विना स्रोत जम्मा हुन आएको सम्पत्तीको स्रोत कहाँबाट देखाउने ? सम्भव पनि हुँदैन नि । यसले के प्रमाणित गरिदियो भने राजनीतिमात्रै यस्तो पेसा हो जहाँ स्वत: भ्रष्टाचार हुँदैन न त राजनीतिकर्मीहरुले स्रोत नै देखाउन आवश्यक पर्छ । जसरी जनताले उनीहरुलाई मनपराएर भोट दिन्छन्, त्यसरी नै नोट पनि दिन्छन् भन्दा कुन अदालतमा उनीहरुलाई मुद्दा लाग्ला र ? पशुपतीको ढोकामा माग्न बसेको माग्नेले करोडौं रुपैयाँ कसरी कमाइस् भन्यो भने उसले मागेर कमाएको भन्छ त्यसरी नै नेताहरुलाई कसरी कमाइस् भन्ने हो भने उनीहरुले भन्ने पनि त्यही हो । चुडामणिले जावो खरदारको गाइड बेचेर अरब रुपैयाँ कमाउन सक्छन् भने नेताहरुले भाषण बेचेर किन कमाउन सक्तैनन् ? जुन नेताको भाषण जस्लाई मनपऱ्यो उसले त्यही नेतालाई भने जति दियो अनि नेता धनाढ्य भए । ओलीलाई कसरी तैंले यतिका पैसा कमाइस् भनेर कसैले सोध्छ भने उनले ठाडै भन्नेछन् उखान टुक्का भजाएर भनेर । उखान टुक्का भनेकै भरमा भोट बटुली प्रधानमन्त्री बन्न पाइने अनि त्यसैको भरमा नोट बटुल्दा चाहीं भ्रष्टाचार हुने ? कहाँको न्याय हो यो भनेर ओली कुर्लिए भने थपडी हान्नेको जमात करोडौं हुन सक्छ भने उनको सम्पत्ती जाबो ४ ।५ करोड हुनु कुन चाहिँ ठूलो कुरा हो त ?

**नेताहरू आफैंले आफ्नो सम्पत्ती करौडौं भएको पुष्टी गरे तर कुन स्रोतबाट आयो ती सम्पत्ती भन्ने कुरामा उनीहरू मौन छन् । मौन किन छन् भन्दा ती सम्पत्ती उनीहरूले पसिना बगाएर कमाएका थिएनन्, विना स्रोत जम्मा हुन आएको सम्पत्तीको स्रोत कहाँबाट देखाउने ?**

पंचायत कालमा सुर्खेततिरका एक जना सांसद बुढा मगरले ल्याएको सुन भन्सारले समाइ जफत गर्दा उनले जनताको अगाडि गएर बिलौना गरेका थिए । तिमीहरु गरिब मतदाताहरुलाई बाडौला भनेर अलिकति सुन ल्याएको थिएँ विदेशबाट, कर्मचारीहरुले भन्सारमै लुटिदे । के गरुँ भन्दै छाती पिट्दै रुँदै थिए उनी । अहिले ३० किलो सुन हराएको चर्चा छ । एउटाको यसै कारण ज्यान गयो । अर्को हिरासतमा छ र ज्यान जाने अवस्थामा छ । किनकी सुन उसले आफ्नो लागि ल्याएको थिएन । विचरा नेताहरुको लागि ल्याइदिएको थियो । आफ्नो नाम गोरेले बताइदेला भनेर काले नेताहरु त्राहीमाम भएका छन् । त्यसैकारण पनि कुनै पनि बेला यिनीहरुले गोरेको ज्यान लिन सक्छन् । लिएमा अनौठो पनि हुँदैन किनभने २० वर्ष जेल बसेका नेताहरुले जाबो २० करोड पनि कमाउन नपाइने भए के को महत्व हुन्छ राजनीतिको ? त्यसो भए अरुले जस्तै जागिर खान ब्यवसाय गर्न गए भइहाल्यो नि किन गर्नु पऱ्यो राजनीति ? राजनीति भनेकै समृद्धिको लागि गर्ने हो समृद्धि भयो भन्दैमा भ्रष्टाचार गऱ्यो भन्न पाइन्छ ? यसरी नै आउने हो समृद्धि । होइन त ?

# प्रसंग नारीको : हित सबैको (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

हाम्रो देशका मुख्य पहाडहरु पूर्वपश्चिम फर्किएका प्रतीत हुन्छन् । त्यसको छनक नदीको बहावबाट नै देखिन्छ । त्रिशुली, कालीगण्डकी र कर्णालीको बहावले र अझै प्रस्ट रुपमा मानसरोवरको पूर्वबाट निस्किएका ब्रह्मपुत्र ल्हासा छेउबाट दक्षिण झरेर टिस्टा संगम हाम्रो पूर्व सिमाना हुन पुग्छन् । त्यहाँ नेपालीहरु पानी शिरमा राखेर मात्र तर्छन् ।

त्यसैगरी कैलाशबाटै पश्चिम बगेको सतलज नेपालको पश्चिम सिमाना भन्ने पनि सबैलाई थाहा छ, यो नदी पञ्जावको मुख्य नदीमध्ये एक हो । यी दुई नदीका बीचमा गंगा नदी उत्तर सारन गोरखपुर समेत विशाल क्षेत्रमा विभिन्न राष्ट्रिय भाषाहरु छन्, जातिहरु पनि हुने नै भए । हो, त्यहींको उत्तरपट्टि कपिलवस्तुका भगवान गौतम बुद्धको कुरो अशोक स्तम्भमा उहिल्यै लेखिएकै छ । रिपु मल्लले पनि काठमाडौंबाट फर्की जाँदा 'रिपु मल्लो चिरं जयतु' संस्कृतमै लेखी गएका त्यहीं नै हो । त्यसैले संस्कृतलाई पनि हामीले राष्ट्रिय भाषा भन्नै परेको छ । धेरै भाषाको मूल भाषा संस्कृत हो । नेपाली पाँचौं शताब्दीको र नेवारी तेस्रो चौथो शताब्दीको त नहुने कुरै भएन । यही भाषा प्राचीन पाली लिपिमा लेखिएका बौद्ध दर्शनले दक्षिण श्रीलंका पूर्व बर्मा उत्तर चीन जापान आदि ढाकेकै छन् । त्यो बौद्ध दर्शन प्राचीन नेपालबाटै गएको हो ।

दु:खसाथ भन्नुपर्छ, अहिलेका संस्कृतज्ञहरु हाम्रै मातृशक्तिलाई वेद कम पढाउँछन् । छोरालाई पढाउँदा पनि अर्थ थोरै समेत पढाउँदैनन् र 'अर्थ न बर्थ गोविन्द गाई' गराउँछन् र यिनैलाई जजमानी गराउँछन् भन्ने सबैलाई थाहै छ । यो कुरा बुझेर काले राई स्वामी प्रपन्नाचार्यले संस्कृत पढ्नुभयो र आफ्नालाई पनि पढाउनुभयो । राई, लिम्बू पारोहाङ शिव पार्वती मान्दछन् भन्ने पुरानै कुरो सिकाउनुभयो । योगी नरहरिनाथले विशाल नेपाल खोजी २०५९ मा परमधाम हुनुभयो । हाम्रो नेपाल संस्कृत विश्वविद्यालय योगी नरहरिनाथले खोल्नुभएको हो । दाङमा हाम्रो मातृशक्ति नारी जातिलाई वेद पढाउनैपर्छ पनि भन्नुभएकै हो । संस्कृतज्ञहरुले त्यो बुझेर काम गरिदिएको भए तलब मात्र पचाउने हाम्रो संस्कृत विश्वविद्यालय हुने थिएन । अब यस्तो हुन दिनु हुँदै भएन । नारी शक्ति वेदमाता गराउनैपर्छ । शिक्षा क्षेत्रमा संस्कृततर्फ पनि नारी शक्तिका थोरै विदुषीहरुबाट छिचिमिरा जस्ता मैत्रेयी, गार्गेयी जस्ता लाखौं विदुषी तयार गराउनमा लाग्नैपर्छ ।

नेपाल संस्कृत विश्वविद्यालयले अहिले नारी शिक्षामा विशेष कार्यक्रम ल्याएकै छैन । त्यसमाथि अहिले विश्वभर नारीलाई विज्ञापनमयबाट रोकेर उनीहरुको सौम्यता मेहनत र बुद्धिलाई सदुपयोग गर्नलाई मानव जातिको वंश सुरक्षाका लागि पनि केही गर्नु नै पर्थ्यो । शिक्षा, पोषण र विशेषज्ञतामा उनीहरुको देहले सक्ने काममा प्रोत्साहन गर्न हिमवत खण्ड नेपालले नेतृत्व लिन सक्नेमा लिएको छैन । तर पनि गीता गंगाको निम्न वाक्य नै शक्ति स्रोत देखिएर २०७४ माघ १९ तथा २६ गते राजनीतिक वर्णन गरिए पनि समाज निर्माणमा पनि काम लाग्ने देखी यसै शीर्षकको प्रथम प्रसंगको सिरानमै लेखिएको हो । समन्वय अर्थात् एकत्वमै जोडिएको हो । २०७४ फागुन २५ तथा लगत्तै चैत २ गते शुक्रबारको स्तम्भ दुवैमा । यो मानव जातिकै लागि हो । नेपालका लागि मात्र हैन विश्वभरका मातृ शक्तिकै लागि हो ।

*एकत्वेन पृथक्त्वेन बहुधा विश्वतो मुखम* (९ ।१५ गीता ।

किनभने उमेर पुगेका युवायुवतीहरु युगयुगमा मानव जातिले लुकीचोरी, खोसी हुने गरेको संयोगलाई विवाह बन्धनको रुपमा भनौं अंग्रेजी अक्षरको ए देखि एफसम्म एज, ब्युटी, क्यारेक्टर, डिसिप्लेन, एजुकेशन र फाइनान्स अर्थात् उमेर सौन्दर्य, चरित्र, अनुशासन, शिक्षा र आर्थिक स्थितिप्रति केटा अथवा केटी दुवैले एक अर्कालै हेरी विवाह बन्धनमा एकत्व हुनु राम्रै थियो । यो एकत्वको शक्ति नै थियो । मानवको कर्तव्यभित्रै पर्थ्यो ।

विश्वले अब यो एकत्वलाई भत्काउने हो त ? अवश्य होइन । त्यहाँ सरकार मात्रले पुगेन नारी जातिले विभिन्न शक्तिको सहृदयता बटुल्न र आफ्नै विकृत विज्ञापनमय भावना बदल्न नारी आफैंले पनि सौन्दर्य मोहमा डुब्नु भएन । त्यहाँ आफूले आफैंलाई डुबाएकै छन् । घृणित पेसामा लागेका आफ्नै नारी जातिलाई पनि अब त्यस्तो पेशामा डुबाउन भएन । यी सबै कुरामा शिक्षा, सीप केवल 'जयन्ती मंगला' दुइ रुपमा मात्र अघि सर्न दिनुपर्छ । यो पनि नेपाल संस्कृत विश्वविद्यालयकै काम हो । अहिलेको विज्ञापनमय ससारमा भर पर्नु हुँदै भएन । नारी हितको श्रीगणेश पनि छैन । प्रशिक्षित हृदयका महिला मैत्रेयी गार्गेयीहरुलाई यही चेतना भया । होला त चेतना ?

*यो यसै पत्रिकामा लगातार एक सय एकानब्बेऔं स्तम्भ लेख हो ।*

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–३

अगस्त १९३९ मा सोभियत समाजवादी सङ्घले जर्मनीसित अनाक्रमण सन्धि गऱ्यो । उक्त सन्धिले सोभियत सङ्घको अखण्डता, स्वाधीनता र आत्मसम्मानमा कुनै दखल गरेन ।बरू त्यसबाट सोभियत सङ्घले केही समयसम्म शान्ति सुनिश्चित पार्ने र हमला भएको खण्डमा प्रतिरोधका लागि शक्ति तयार गर्ने अवसर पायो ।

पार्टीको औद्योगिकीकरण र सामूहिकीकरण नीतिले गर्दा खाद्यान्न, लत्ताकपडा,दैनिक उपभोग्यसामान र शस्त्रास्त्र निर्माणका लागि पर्याप्त धातु कारखाना एवं रेलमार्गहरूका लागि यन्त्र र इन्धन, सेनाका लागि लुगाकपडा बनाउन कपास आदिस्वदेशमैउत्पादन गर्न सम्भव भएको थियो । अगस्त १९४० मा बाल्टिक गणराज्यहरू निथुआनिया, लाट्भिया र इस्टोनिया त्यहाँका जनताको सहयोग र समर्थनमा सोभियत सङ्घमा मिलाइयो । बिस्तारै ती नयाँ राज्यहरूमा पनि समाजवादी समाज निर्माण र विकास भयो । स्टालिनको मार्गदर्शनबाटै यो कार्य सम्पन्न भएको थियो ।

१९४१ जुन २२ मा अनाक्रमण सन्धिको खुला उल्लङ्घन गरी हिटलर नेतृत्वको जर्मनीले बिनासूचनासोभियत सङ्घमाथि हमला गऱ्यो ।त्यसपछि भने सोभियत रूसको सम्पूर्ण विकासक्रममा नयाँ मोड आयो । जर्मन आक्रमणविरूद्ध सोभियत जनताको देशभक्तिपूर्ण मुक्ति युद्ध सुरू भयो । जर्मन फासिस्टवादविरूद्ध स्टालिनले सोभियत जनताको सङ्घर्षको नेतृत्व गरे ।

सुरूमा जर्मन सेना रूसको सिमानाबाट सयौं किमीभित्रसम्म घुसेका थिए ।त्यसबाट'रूसको समाजवादी सत्ता पतन हुने' आँकलन गर्दैअमेरिका, ब्रिटेन, फ्रान्सहरू खुसी हुँदै थिए । तर जब जर्मन साम्राज्यवादले फ्रान्स कब्जा गऱ्यो, जब जापानले अमेरिकाको हवाइ टापुमा धावा बोल्यो,जब नाजी र फासिस्ट हवाई सेनाले लन्डनमा बमबारी गरेरब्रिटेन र फ्रान्सका उपनिवेशहरू आफ्नो कब्जामा लिन थाले तब मात्र अमेरिका र ब्रिटेनको चेत खुल्यो ।त्यसैले उनीहरूले सोभियत रूससँग मिली संयुक्त कारबाही गर्न चाहेपछिरूस, अमेरिका र ब्रिटेनको संयुक्त मोर्चा बन्यो ।नयाँ मित्रतामा आएका सेनाले जर्मनीको हिटलर र इटलीको मुसोलिनीकोसैन्यवाद विरूद्ध धावा बोल्यो । तर त्यो भीषण सङ्ग्राममा रूसी लालसेना अग्रस्थानमा थियो । मार्क्सवादी फौजी विशेषज्ञ स्टालिनको निर्देशनमा रूसी लालसेना र क्रान्तिकारी जनता हिटलरी सेना विरूद्ध यसरी जुधे कि ती लुटेराहरूरूसी भूमिबाट हट्न बाध्य भए । महान्रूसी लालसेनाले हिटलरी सैन्य उन्मादलाई युगोस्लाभिया, पोल्यान्ड, हङ्गेरी, चेकोस्लोभाकियालगायत पूर्वी युरोपका सबै राज्यबाट खेदे । अन्ततः जर्मनीको बर्लिनसम्मैरूसी लालसेनाको विजयी झन्डा फहरायो ।यसरी सिङ्गो जर्मनी रूसी नियन्त्रणमा आएपछि 'बर्लिन सन्धि' भयो र युरोपमा शान्ति छायो ।

(क्रमश:)

# मैले देखेको अड्चालीसौं विश्व सम्पदा : लण्डनको ब्रिटिस म्युजियम

सुरेन्द्र ढकाल


ब्रिटिस म्युजियमको अग्र भाग


म्युजियमभित्र पर्यटकको घुइँचो


म्युजियमभित्र रहेको दिनासुरको अस्थिपञ्जर


म्युजियमभित्र रहेको केन्द्रीय पुस्तकालय


म्युजियमभित्र रहेको नेपालबाट लगिएको बुद्धको मूर्ति


म्युजियमभित्र रहेको प्राचीन सभ्यताकालीन मूर्ति


म्युजियमभित्र रहेको प्राचीन सिक्काहरू

इम्पेरियल वार म्युजियम हेरिसक्दा दिनको एक मात्र बजेको थियो। त्यसपछि हामी लण्डनको ब्लुम्सवेर्‍री इलाकामा रहेको ब्रिटिस म्युजियम हेर्नतर्फ लाग्यौं ।

**ब्रिटिस म्युजियम**

यो म्युजियम चाहिँ विशेष गरी मानवजातिको विकास र यसका चरणहरुसँग सम्बन्धित रहेछ । यहाँ तत्सम्बन्धी ८० लाख विभिन्न संग्रहहरु गरिएका रहेछन् । ब्रिटिस औपनिवेशिक साम्राज्य विश्वभर नै फैलिएका कारण यस म्युजियमले पनि विश्वभरकै मानव कला संस्कृतिलाई संग्रहित गर्न खोजेको रहेछ । नेपाल ब्रिटिस उपनिवेश नबने तापनि नेपालबाट तत्कालिन इस्ट इण्डिया कम्पनीको गभर्नरसँग सम्बन्धित Mrs . Griffith भन्ने महिलाले लगेको ४४ दशमलव ५ सेन्टिमिटरको सुनको जलप लगाएको ढलोटको बज्रसत्व बुध्दको मूर्ति त्यस म्युजियममा देख्न पाइयो । ब्रिटिस म्युजियमको स्थापना सन् १७५३ मा भएको रहेछ । यस म्युजियममा विशेष गरी भौतिक शास्त्रका वैज्ञानिक सर हान्स स्लोआनका संग्रहहरु रहेछन् । उनले आफूले गरेको सबै संग्रहहरु २० हजार पाउण्डमा बेलायती राजा जर्ज दोस्रोलाई बिक्री गरेका रहेछन् । जस्मा ४० हजार किताबहरु, ७ हजार हस्तलिखित ग्रन्थहरु, ३३७ प्रजातिका बोटबिरुवा, आलब्रेख्ट डुररले छापेका वस्तुहरु, ड्ट्इङ र सुडान, इजिप्ट ग्रिस, रोम, मध्य र सुदूरपूर्व अनि अमेरिकाबाट प्राप्त पुरातात्विक वस्तुहरु रहेछन । पछि सन् १७७२ मा म्युजियम आफैंले ८४१० पाउण्डमा सर विलियम हामिल्टनले गरेका माटाले बनेका कलापूर्ण ग्रीक सम्यताकालिन घैंटा र गमलाहको संग्रहहरु पनि खरिद गरेको रहेछ । पछि १९औं शताब्दिको शुरुमा नै ग्रीस, रोमन इजिप्सियन सभ्यता कालिन पुरातात्विक मूर्तिहरु यस म्युजियममा थपिन आएका रहेछन् । नाइल नदीको युद्धमा फ्रान्सको हार बेलायतको जितको अवसर पारेर यी वस्तुहरु संग्रहित गरिएको रहेछ । फेरि सन् १८२५ मा यस म्युजियमले क्लाउडियस जेम्सको विधवासँग आस्सिरियन र वेविलोनका पुरातात्विक वस्तुहरु खरिद गरी प्रदर्शनमा राखिएको रहेछ ।

अचम्मको कुरा त के रहेछ भने यस म्युजियमले एसिया माइनरका विभिन्न देशमा गएर आफ्नै खर्चमा उत्खनन गरी प्राचीन सभ्यताबाट प्राप्त पुरातात्विक वस्तुहरु संग्रह गर्दो रहेछ । सन् १८३० मा सर थोमस ग्रेनभिलले २०२४० किताबहरु यस म्युजियमलाई आफ्नो मरणोप्रान्त प्रदान गरेका रहेछन् । सन् १८८१ मा विलियम वर्गेसले संग्रह गरेका हतियारहरु पनि यस म्युजियममा संग्रहित हुन आइपुगेछन् । पछि गएर थुप्रै प्राचीन गहनाहरु, औंठीहरु, पोर्चेलानका भाडाहरु, प्लेटहरु साइप्रस लगायत विभिन्न देशमा गरिएका उत्खननबाट प्राप्त भई यस म्युजियममा आइपुगेका रहेछन् । १९औं शताब्दिको अन्त्यतिर आइपुग्दा त यस म्युजियमले यति पुरातात्विक वस्तुहरु संग्रह गरेछ जस्ले गर्दा यिनीहरुलाई प्रदर्शन गर्ने कक्षहरुका अभाव हुन पुग्दा सन् १८९५ मा आएर यस म्युजियम वरिपरि रहेका ६९ निजी घरहरु खरिद गरी मुख्य म्युजियम भवनलाई पश्चिम उत्तर अनि पूर्वतर्फ विस्तार गरिएको रहेछ । सन् १९३१ मा कलात्मक वस्तुका ब्यापारी सर जोशेफ डुभीनको सहयोगमा पार्थेनन कालका मूर्तिहरु संग्रह गर्ने भनी यस म्युजियमभित्रै ग्यालेरी निर्माण गराउन लगाएका रहेछन् । दोस्रो विश्व युद्धकालमा भएको बम हमलाको कारण यो ग्यालेरीलाई नराम्ररी क्षति पुगेको रहेछ ।

विश्व युद्धपश्चात यो म्युजियमले आफ्नो संग्रह गर्ने कार्यलाई निरन्तरता दिएको कारण विभिन्न देशहरुका विभिन्न ठाउँहरुमा उत्खनन भई इशापूर्वकालको मेसोपोटामियन सभ्यताकालिन २६०० पुरातात्विक वस्तुहरु संग्रह गर्न सफल भएको रहेछ । सन् १९५३ मा यस म्युजियमले आफ्नो २०० शतवार्षिकी मनाएको रहेछ । त्यस क्रममा प्राकृतिक इतिहास संग्रहालयलाई स्वतन्त्र इकाइ बनाइ संचालन गर्न थालिएको रहेछ र युद्धकालमा क्षति पुगेका वस्तुहरुलाई मर्मत सम्भार गर्ने कार्य गरिएको रहेछ । पुस्तकालयको आकार बढ्दै गएको कारण सन् १९७३ मा आएर ब्रिटिस पुस्तकालयलाई यस म्युजियमबाट अलग गरिएको रहेछ । बेलायतमा यो म्युजियमलाई सबैले अनौठो म्युजियम भन्दा रहेछन किनकी न यो म्युजियम राजासँग, न चर्चसँग सम्बन्धित थियो । प्राकृतिक इतिहास र विश्व मानव विकास र संस्कृतिमा समर्पित यो म्युजियमप्रति बेलायतका सर्वसाधारण समेतले गर्व गर्दारहेछन् ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

कुनै पनि काम सानो र ठूलो हुँदैन । श्रम गर्न नहिच्किचाऔं । श्रमको सम्मान गरौं । उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरूलाई पनि बनाऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# हिंसाले विदेशिन बाध्य

**लक्ष्मी बस्नेत**

**नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि उनीहरूले विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् ।**

काठमाडौं । राजधानीमै घर भएकी एक महिला अहिले विदेश जाने अन्तिम तयारीमा छिन् । उनी विदेश जान लाग्नुको कारण हो, पारिवारिक कलह । उनको बिहे गरेको ४ वर्ष भयो । पहिलो वर्ष त श्रीमान्सँग राम्रो सम्बन्ध रह्यो । त्यसपछिका दिनहरूमा आफूलाई श्रीमान्ले गलत रूपमा हेर्न थाले । 'लोग्नेले नै कुट्न थालेपछि अरूले त जे पनि गर्छन् । हुँदाहुँदा त सासू, ससुरा र आमाजूसमेत भएर कुट्न थाले । दिनदिनै कुटाइ खाएर बस्नुभन्दा बाहिर जान्छु । मरे पनि उतै मरुँला,' उनी भन्छिन् । उनी खास त अभावमा भन्दा पनि सुरक्षित हुन विदेश जान चाहेकी हुन् । आफ्नो दुई वर्षको बच्चालाई माइतीमा राखेर उताबाट खर्च पठाइदिने सोच उनको छ । उनी भन्छिन्, 'अहिले मलाई राम्रो देश अनि राम्रो कामभन्दा पनि जसरी पनि चाँडै विदेश पुग्नु छ । राक्षस परिवारबाट छिट्टै अलग हुन चाहन्छु । एउटै उपाय देखेकी छु । त्यो हो बाहिर जानु ।'

उनीजस्तै अधिकांश महिला हिंसामा परेर हतारमा विदेश जाँदा गलत ठाउँमा पुग्ने गरेका छन् । उनीहरू नेपालमा हिंसाको पीडामा मल्हम लगाउन विदेश जान चाहे पनि विदेशमा समेत थप हिंसा खेप्नुपरेका उदाहरण पनि भेटिन्छन् । सन् २०११ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र श्रम मन्त्रालयअन्तर्गतकै एक परियोजनामार्फत गरिएको अध्ययनले पनि घरेलु हिंसा पनि महिला बिदेसिनुको मुख्य कारण भएको निष्कर्ष निकालेको थियो ।

हेटौंडा हाँडीखोलाकी नीता (नाम परिवर्तन) पनि घरायसी कामका लागि कुवेत पुगिन् । हतारमा जाँदा उनी त्यहाँ पुगेको पहिलो दिनदेखि नै थप पीडित बनिन् । श्रीमान्ले रक्सी खाएर कुटपिट गर्ने र तीन छोराछोरीको लालनपालन र पढाइ खर्चको जोहो गर्ने कुनै उपाय नदेखेर व्यक्तिगत भिसामा बिदेसिएकी नीता आफूलाई सुरुदेखि नै मालिक्नीले कोठामा थुनेर कुटपिट गरेको बताउँछिन् ।

केही महिनाअघि काठमाडौंको एक संरक्षण गृहमा भेटिएकी उनले केही पत्रकारबीच त्यो घटना सुनाइरहँदा उनको आँखा रसाएको थियो । अपत्यारिलोजस्तो लाग्ने कहानी एकपछि अर्को भन्दै जाँदा अरूका पनि आँखा रसाएका थिए । उनी भन्छिन्, 'अढाइ वर्ष बसेँ । सुको पैसा पनि ल्याएको छैन । जीउभरि घाउ, नीलडाम, घाउको खाटा र दुःखको पोको मात्रै भयो ।' युवा उमेरमा कमाएर दिन फेरिएला कि भन्ने आसले बिदेसिएकी उनी अहिले मानसिक रूपमा समेत विक्षिप्त भएकी छिन् भने यातनाले शरीर पनि थङ्थिलो भएको छ ।

दुई वर्षको व्यक्तिगत भिसामा गएकी उनी फर्किने अवस्था नभएर ६ महिना बढी त गैरकानुनी रूपमा (ओभरस्टे) बसिन् । पछि जसोतसो भिसाको म्याद सकिएकाले मालिकले नै प्रहरी कार्यालयमा लगेर छोडिदिए । त्यसपछि उनी नेपाल फर्किने समूहमा परिन् । उनी विगत सम्झँदै भन्छिन्, 'जेलमा पनि प्रहरीले लात्तैलात्ताले हान्थ्यो ।' जसोतसो उनी शरीरभरि घाउ बोकेर रित्तो हात नेपाल आइन् ।

रानकी रंगीता विकको पीडा पनि उस्तै छ । २२ वर्षमै विदेश गएकी उनले साउदीमा तीन र कुवेतमा दुई वर्ष बिताइन् । कुवेतमा पाएको यातना सम्झिँदा झस्किँदै उनले थपिन्, 'त्यहाँको सबै कुरा बिर्सिने उपाय कसैले सिकाइदिए हुन्थ्यो ।' दुःख गरेर दुई-चार पैसा कमाएर उनी नेपाल आउँदा उनका पतिले अर्को बिहे गरिसकेछन् । आफ्नो व्यक्तिगत जीवनको खुसी, सुख र हाँसो सकिएको गुनासो गर्दै उनी भन्छिन्, 'भोको पेट बस्न परे पनि बिदेसिने दिदीबहिनीलाई खाडी मुलुक नजान सुझाव दिने र आफ्नोजस्तै पीडा व्यहोरेकाहरूलाई जोगाउने प्रयास गर्नेछु ।'

गरिबी र स्वदेशमा रोजगारीको अभावले नेपाली युवा रोजगारीका लागि बिदेसिनु मुख्य कारण हो । महिला बिदेसिनुमा अर्को पनि कारण देखिएको छ, त्यो हो- घरेलु हिंसा । विभिन्न अध्ययनले पनि यसलाई पुष्टि गरिसकेको छ । बिदेसिएपछि महिला भएकै कारण हुने हिंसा र विभेद अन्त्य गरिनुपर्नेचाहिँ राज्यको जिम्मेवारी हो भन्छन् यस क्षेत्रमा कार्यरत अधिकारकर्मी ।

पौरखी सचिव सत्रकुमारी गुरुङ भन्छिन्, 'विभेद कानुनले गरेको छैन । सोच र संरचनाले गरिरहेको छ ।' पछिल्लो २० वर्षको अवधिमा नेपालमा छुट्टै श्रम मन्त्रालय बन्यो । विभाग, बोर्ड बन्यो । वैदेशिक रोजगारी ऐन २०६४ आयो । ऐनको दफा ८ ले कामका लागि विदेश जाने सन्दर्भमा लिङ्गका आधारमा विभेद गरिने छैन भनिएको छ । तर, ऐन घरेलु कामदारसम्बन्धी निर्देशिका २०७२, महिलाका लागि बन्देज लगाउने खालको छ । यसले गर्दा नीति-नियमसम्बन्धी व्यवस्था नै महिलाका लागि विभेदपूर्ण हुँदा अवैध बाटोको प्रयोग गरी महिला बिदेसिएका छन् । विशेषगरी कामका लागि महिला कुवेत, लेबनान, इजरायल, बहराइन जाने गरेका छन् । पछिल्लो समय भने लिबियालगायत मध्यपूर्वी मुलुकका साथै अफ्रिकी मुलुकमा समेत अवैध बाटो हुँदै महिलालाई पुऱ्याउने गरेको पाइएको छ ।

पौरखीका अध्यक्ष मञ्जु गुरुङ सरकारको अप्ठ्यारो व्यवस्था, नयाँनयाँ नीति-नियमले गर्दा स्वीकृति लिएर जाने महिला घटे पनि गैरकानुनी बाटोबाट जानेहरू बढेको बताउँछिन् । सरकारले महिलालाई विदेश जान २४ वर्ष पूरा हुनुपर्ने भनेको छ । यसरी लगाएको उमेरको हदबन्दी पनि ऐनविपरीत रहेको गुरुङको भनाइ छ । झन्डै एक वर्षदेखि दुई वर्षभन्दा सानो बच्चा भएका आमालाई पनि विदेश जान नदिने व्यवस्था सरकारले गरेको छ । उनको भनाइ पनि त्यही छ, 'हदबन्दी र प्रतिबन्धित प्रावधानकै कारण पनि महिला गैरकानुनी प्रक्रिया र अवैध बाटोबाट बिदेसिने क्रम बढेको हो । उनी थप्छिन्, 'ढोका बन्द भएपछि झ्यालबाट भए पनि मान्छे निस्किन खोजिहाल्छ नि ।'

पछिल्लो समयमा महिला बेचबिखन, दलालको फन्दामा फसेको, अवैध बाटो हुँदै बिदेसिएको भन्ने घटनाहरू बढ्दै गएको छ । फेरिँदो बेचबिखनको स्वरूपले पनि वैदेशिक रोजगारीको प्रलोभनमा फस्ने र बेचिने बढ्दै गएका छन् । अधिकारकर्मीहरू महिलाको यस्तो घटना झन् डरलाग्दो हुँदै जाने आँकलन गर्दै यसमा सरकारकै कमजोरी बढी ठान्छन् । पौरखी नेपालले गरेको एक अध्ययनअनुसार कामका लागि जाने झन्डै ९० प्रतिशत महिला आर्थिक, सामाजिक, सांस्कृतिकलगायत कुनै न कुनै कारणले विभेदको सिकार भएरै घर छोडेको देखिएको छ ।

तर, नेपाल सरकारअन्तर्गतको वैदेशिक रोजगार विभागका महानिर्देशक विश्वराज पाण्डे गैरकानुनी रूपमा जानेलाई रोक्न अप्ठ्यारो छ भन्नुहुन्छ । 'धेरै कमाउने, घरमा छलेर, उमेर ढाँटेरसमेत जानेलाई के गर्न सकिन्छ र ?' उहाँको उल्टै प्रश्न छ । तथ्याङ्कगत रूपमा घट्नु वा बढ्नुभन्दा पनि कानुनी रूपमा गएर त्यहाँ गरेको श्रमको मूल्य पाए हुन्थ्यो भन्ने धेरैको भनाइ छ । गैरकानुनी रूपमा बिदेसिने महिलामा यौन शोषण, बलात्कार, यातना, कुटपिटजस्ता हिंसा हुने गरेको पाइएको छ ।

*(संचारिका फिचर सेवा)*

*(लक्ष्मी, काठमाडौंमा कार्यरत पत्रकार हुन् ।)*




हाम्रो प्रतिबद्धता
पेट्रोलियम पदार्थमा शुद्धता
भरपर्दो, विश्वासिलो सेवाका लागि हामीलाई सम्झनुहोस्
भोलाबाबा पेट्रोल सेन्टर
मिर्चैया सिरहा

कथा

## स्माइल जेरूसलेम

आलोक

म पहिलोपल्ट कराँची सहरमा आइपुगेको छु । रातको बाह्र बजे पनि सहर सुतेको छैन । होटलको पन्ध्रौं तलाबाट हेर्दा बिजुली बत्तीको महासागर देखिन्छ । टेलिभिजन हेर्न मन लागेन । भोलि बिहान आठ बजे यहाँबाट सत्ताइस किलोमिटर टाढा सम्मेलन भवनमा पुग्नुछ । पटक्कै निद्रा छैन आँखामा । केही बेर पढें । एक बजेतिर बत्ती निभाएर सुतेँ ।

झट्ट सम्झना आयो सराहको । ऊ राष्ट्रसंघको कर्मचारी भएर यही सहरमा आइपुगेको कुरा तीन महिनाअघि चिठीमा लेखेकी थिई । काठमाडौंमा उसले भनेकी थिई- 'कुनै दिन फेरि भेट होला । धीत मरुन्जेल कुराकानी गरौंला ।'

अर्को दिन बिहानै सम्मेलन सुरु भएकाले त्यसमै व्यस्त रहनुपऱ्यो । सहरको मध्य भागमा विदेशी नियोग र राष्ट्रसंघीय कार्यालय रहेको कुरा एकजना पत्रकारबाट जानकारी पाएपछि साँझपख मैले सराहलाई फोन गरेँ ।

'हलो, स्माइल जेरुसलेम हो ?' उसले मेरो आवाज प्रस्ट चिनी । काठमाडौंमा म उसलाई 'स्माइल जेरुसलेम' भनेर बोलाउँथें ।

टाढैबाट बोलाउने उसको पुरानो बानी छुटेको रहेनछ । होटलको स्वीमिङ पुल छेउको कफिसपमा बसेर हामीले सम्झनाका पानाहरु पल्टायौं ।

सराहका बुबा काठमाडौंस्थित इजरायली दूतावासका कूटनीतिज्ञ छँदा उसले पहिलोपल्ट नेपाल भ्रमण गरेकी थिई । त्यसैले नेपाल र नेपालीबारे ऊ राम्रो जानकारी राख्ने गर्छे । इजरायललाई मान्यता दिने पहिलो दक्षिण एसियाली देश नेपाल नै हो र सन् १९६१ मा तेल अबिबमा पहिलोपल्ट नेपाली राजदूतावास खुलेको कुरा उसले मलाई बताएकी थिई ।

'कस्तो छ हालखबर ?' सराहले सोधी ।

'सबै राम्रो छ । दुई दिन भयो तिमीलाई खोजेको...। 'मैले प्रत्युत्तर दिएँ ।

'गफ दियौ तिमीले । मेरो अफिसमा फोन गरेको भए एयरपोर्टमै लिन आउने थिएँ ।' उसले भनी ।

'ढिलै भए पनि भेट भयो । म तीन-चार दिन बस्छु ।' मैले भनें ।

'आइतबार मेरो बिदा छ । बिहानैदेखि म तिमीलाई सहर घुमाउँछु । तिमीले मलाई नेपालका चार पाँच ठाउँ घुमाएका थियौ । हेर, त्यति धेरै त नसकुँला तर प्रयास गर्छु ।' उसले भनी ।

'कहाँ छन् तिम्रा साथीहरु ?' मैले सोधें । 'को साथी ?' उसले प्रश्न गरी ।

'उही क्या त नाओमी, पउला, सुसाना...।' मैले सम्झाएँ ।

'हेर बदमास, मेरा राम्रा राम्रा साथीहरुको नाम अझै कण्ठ रहेछ । कस्तो मान्छे...।' ऊ हाँसी । 'नाओमीले हिब्रु विश्वविद्यालयमा धर्मशास्त्र पढाउँछे । पउलाले बाबुको ट्राभल एजेन्सी सम्हालेकी छ । सुसानाले दुःख पाएकी छ । लोग्नेसँग सम्बन्धविच्छेद गरी । बूढी आमा र दुइवटी छोरी पालेर बसेकी छ । बिचरी...।' उसले विस्मय मान्दै भनी । 'किन, के भयो त्यस्तो ?' मैले सोधें । 'के हुनु नि, लोग्नेमान्छेको जातै रद्दी ... । घाम देख्यो घामै राम्रो जून देख्यो जून । सुसानाको लोग्ने सेनामा क्याप्टेन थियो । तेल अबिबमा एउटा जर्नेलकी छोरीसँग बिहे गरेर उतै घरज्वाइँ बस्यो ।' उसले कथा सुनाई ।

'तिम्रो मामाघर पनि तेल अबिब नै होइन ?' मैले सोधेँ ।

'आठ वर्ष पहिले मैले भनेको सबै कुरा सम्झिराखेका छौ हगि । तिम्रो स्मरण शक्ति पनि गजबकै रहेछ ।' उसले भनी ।

'काठमाडौंबाट जेरुसलेम पुगेपछि मैले तिमीलाई सम्झेर एउटा कविता लेखेकी थिएँ । अहिले पनि सम्झना छ मलाई ।' सराहले पुराना दिनहरुको सम्झना गर्दै भनी ।

'विमानमा उड्दा म ममीपापाको आँखा छलेर रोएँ । तिमीलाई छोडेर फर्किनुपर्दा धेरै नरमाइलो लागिरहेको थियो । तेल अबिबको बेन येहुदा स्ट्रिटमा रहेको तिमीहरुको दूतावासमा नेपाली झन्डा देख्दा पनि तिमीलाई सम्झेकी थिएँ ।'

'कस्तो कविता लेख्यौ मेरो बारेमा ?' 'सुनाऊ प्लिज...।' मैले आग्रह गरेँ ।

उसले कविताको पृष्ठभूमि सुनाई । इजरायलमा हाम्रो घरमा म हजुरआमासँग सुतेकी थिएँ । सपनामा तिमीले मलाई ब्युँझायौ । अनि मध्यरातमै उठेर कविता लेखेँ–

"you wake me from my sleep
and drenched my heart
with a love so deep.
When I look into your eyes,
I see my reflection,
My feelings for you
I do not despise

You treat me like the princess."

'कस्तो लाग्यो कविता ?' उसले सोधी ।

मैले सराहको आँखामा आफ्नो प्रतिबिम्ब देखेँ । उसले लेखेका शब्दहरुमा इमानदारी थियो, उच्छ्वास थियो र प्रेमप्रतिको प्रगाढ आस्था थियो । सराहको कविता सुनेपछि म केहीबेर भावशून्य भएँ । उसले यति धेरै माया गर्छे भन्ने मलाई कहिले अनुभूति भएको थिएन ।

'इजिप्ट, लेबनान, सिरिया, गाजा, वेस्ट ब्यांक, डेड सि र मेडिटेरियन सागरलाई छुने इजरायललाई मैले लडाकुहरुको देश मात्रै भन्ठानेको थिएँ । त्यो त प्रेमीप्रेमिकाहरुको देश रहेछ ।' मेरा कुरा सुनेपछि ऊ लजाएर हाँसी ।

'हाइफामा भएको लडाइँमा मेरो पति मारिएपछि बहुलाही जस्तो भएकी थिएँ म । अरबीहरु देख्दा रिस उठ्थ्यो । काँचै चपाउँ जस्तो लाग्थ्यो उनीहरुलाई । उनीहरुले नै मेरो लोग्नेलाई एम्बुसमा पारेर मारेका थिए । २५ वर्षको उमेरमा ऊ देशका लागि सहिद बनेको थियो । बुबा नेपालमा राजदूत भएर गएपछि केही वर्ष त्यहाँ बस्दा मैले विस्तारै आफूलाई सम्हालेँ । पुराना कुराहरु बिर्सिने प्रयास गरेँ । मुटु चिरिने मेरा घाउहरुमा विस्तारै मलहम लगाउँदै गएँ । यसमा तिमीले दिएको सान्त्वनाले औषधिको काम गऱ्यो । थाहा छ, जीवनबारे तिमीले मलाई बुद्धका कथाहरु सुनाएका थियौ । तिमी जस्तो साथी पाएकै कारण म बाँचें । नत्र आत्महत्या गर्थें हुँला ।' सराह बोली ।

'सराह, थाहा छ, जिम्मी कार्टर, मेनाखेम बेगिम र अनबर अल सादातले क्याम्प डेभिड सम्झौता गरेझैँ तिमी र मैले नगरकोटमा गएर अबदेखि आँसु नझार्ने सम्झौता गरेका थियौं । कालो बादलले सूर्यलाई पनि छेक्छ तर सधैं छेक्न सक्दैन । त्यसैले हामी आशावादी बन्नुपर्छ । सत्यलाई आत्मसात गर्दा कष्ट हुन्छ तर त्यसले प्रसूति पीडाझैँ खुसी बोकेर ल्याउँछ ।' मैले उसलाई सान्त्वना दिएँ ।

'मलाई तिम्रो कुरा सुनिरहन मन लाग्छ । कुरैकुरामा तिमीले ममस्पर्शी संवाद बोलिरहेका हुन्छौ ।' सराह बोली ।

'इजरायल सन् १९४८ मा स्वतन्त्र नभइदिएको भए युद्धको औचित्य र नैतिक आधार समाप्त हुन्थ्यो । जर्नेल बनेर त्यत्रो स्वतन्त्रता संग्राम लड्ने तिम्रा हजुरबुबा र डेभिड बेन गुरियन जस्ता महामानवहरुको इतिहास बालुवा हुने थियो । लोभ, छलकपट र विदेशीको स्वार्थमा बिकेर नेताहरुले अलिकति मात्र धोका दिएको भए अरबहरुले यहुदीहरुको चोक्टा चोक्टा लुछेर खाने थिए ।'

मैले यति भन्दा नभन्दै सराहका आँखामा आँसु छचल्किए । उसले रुमालले आँसु पुछ्दै भनी- 'सायद पूर्वजन्ममा तिमी पनि इजरायली थियौ । कति माया गर्छ्यौ तिमी नेपाल र इजरायललाई । इमेलबाट तिमीले पठाएका चिठी र लेखहरु म पढ्छु । देशभक्तिले भरिएका ती शब्दहरु पढेर म भावुक बन्ने गर्छु । तिमीले देशभक्तिका बारेमा लेखेका थुप्रै पत्रहरु मैले मेरो बुबालाई पनि देखाउने गरेकी छु । तिम्रो देशलाई पनि बेन गुरियन, गोल्डामेर अनि मोसे दायनहरु चाहिएको छ । नत्र समाप्त हुन्छौ तिमीहरु...।' ऊ गम्भीर भई ।

सराहको सुकोमल शरीर आद्योपान्त पढेपछि मलाई लाग्यो, देशप्रेम रगतका कणकणमा हुनुपर्दोरहेछ । किनेका साथी, थोपरिएको देशभक्ति र आडम्बरी राष्ट्रवाद उस्तैउस्तै हुन्छन् सायद । सराह हुन् वा उसका साथी नाओमी, पउला र सुसानाहरु, सबैजना आफ्नो जन्मभूमिप्रति गर्व गर्छन् । स्वाधीन र स्वतन्त्र हुन पाउँदा गर्वोन्मक्त बन्छन् । मैले ब्रेकफास्ट खाँदै सराहसँग नेपाली र इजरायली मुटु साट्न खोजेँ ।

मेनाखेम बेगिमको कुरा चल्यो । मैले प्रसंग कोट्याएँ– 'सन् १९८२ मा जीवनसाथी एलिजाको मृत्यु भएपछि मेनाखेम बेगिम साह्रै बेचैन भएका थिए रे होइन ?'

'हो, बुबा त्यसै भन्नुहुन्थ्यो । सन् १९९२ मा उनको मृत्यु हुँदा धेरै इजरायलीहरु रोएका थिए । उनले नोबेल पुरस्कार पाउँदा खुसी मनाउनेहरु उनको मृत्युमा त्योभन्दा धेरै दुःखी भएका थिए । किनभने उनले इजरायली माटो र मुटुलाई जोड्ने काम गरेका थिए'- सराह बोली । घन्टौंसम्म बसेर धेरै विषयमा बोल्न सक्ने सराहलाई मैले सोधें- ' अझै बिहे गरेकी छैनौ ?' अहँ मन मिल्ने साथी भेटेकी छैन ।' उसले हाँसेर भनी ।

'कि नेपालतिरै जाने त ?' मैले जिस्क्याएँ । उसले मेरो गाला चिमोट्दै भनी- एउटा ठूलो सुटकेशमा लुकाएर लैजाउ है त ...।'

# हतियारको उन्माद र संकटमा विश्व



विष्णु भट्टराई

उत्तर कोरियाले पछिल्लोपटक ३ सेप्टेम्बर २०१७ मा छैठौं परमाणु बमको रूपमा हाइड्रोजन बमको सफल परीक्षण गरेको थियो भने नोभेम्बर महिनामा सफल परीक्षण गरेको ह्वासोङ-१५ क्षेप्यास्त्रले अमेरिकाको मुख्य भूमिसम्म मार हान्नुका साथै परमाणु बम लिएर जान सक्ने बताएपछि अमेरिका आक्रोशित भएको थियो । त्यसअघि अमेरिकाको नियन्त्रणमा रहेको गुआम टापुमा उत्तर कोरियाले आक्रमण गर्ने हल्ला चलेपछि त्यस क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको थियो ।

हालै मात्र उसले आणविक हतियार निर्माणको कार्य बन्द गरेको घोषणा गरेको छ भने छिमेकी दक्षिण कोरियाका राष्ट्रपति मुन जाए-इन र नेता किम जोङ-उनबीच गत अप्रिल २७ मा भएको शिखरवार्तापछि शान्ति सम्झौता भएर त्यसको कार्यान्वयन पनि सुरु भइसकेको छ ।

सन् २००३ मा इराकले आणविक हतियारको विकास गरेको भन्दै अमेरिका र बेलायतले गरको आक्रमणपछि सुरु भएको अस्थिरता अझै पनि जारी छ । यसैगरी सिरियाले घातक रासायनिक हतियारको प्रयोग गरेको भन्दै अमेरिकासहितका पश्चिमा राष्ट्रले गत महिना मात्रै सिरियाली सेनाका शिविरहरूमा क्षेप्यास्त्र हमला गरेका थिए भने पछिल्लो समयमा गरेको हमलामा २५ भन्दा बढी सर्वसाधारण मारिएका छन् । दोस्रो विश्वयुद्धपछि सुरु भएको शीतयुद्धका कारण सोभियत संघ पक्षधर साम्यवादी खेमा र अमेरिका पक्षधर पुँजीवादी खेमाबीच सेना र हतियारमाथि लगानी गर्ने होड नै चल्यो । जसको नेतृत्व सोभियत संघ र अमेरिकाले नै गरेका थिए । सोभियत संघको विघटन र शीतयुद्धको अन्त्यपछि सबैभन्दा बढी गत वर्ष सन् २०१७ मा विश्वमा १ हजार ७ सय अर्ब डलर कुल सैन्य खर्च भएको रिपोर्ट सार्वजनिक भएको छ ।


यो रकम गत सन् २०१६ को सैन्य खर्चको तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो । यसमा अमेरिकाले मात्रै ६ सय १० अर्ब डलर आफ्नो देशको सेनाका लागि खर्च गरेको छ भने चीनले गत वर्ष २२८ अर्ब डलर र रुसले ६६ दशमलव ३ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ । चीनको सैन्य खर्चमा ५ दशमलव ६ प्रतिशतले बढाएको भए पनि कुल गार्हस्थ्य उत्पादनको १ दशमलव ९ प्रतिशत मात्रै हो भने रुसले सन् २०१६ को तुलनामा करिब २० प्रतिशतले कम सैन्य क्षेत्रमा खर्च गरेको हो । यद्यपि उनीहरूको कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा गरेको यो ठूलो लगानी हो । यसबाट संसारका आर्थिक शक्ति राष्ट्रले सेनामा सबैभन्दा अधिक खर्च गर्ने गरेको प्रष्टिएको छ । तर देशको जीडीपी अर्थात् कुल गार्हस्थ्य उत्पादनका आधारमा सेनामा खर्च गर्ने राष्ट्रको सूचीमा यी तीन राष्ट्र शीर्ष स्थानमा भने पर्दैनन् । संसारभरका राष्ट्रको सैन्य खर्चमाथि नजर राख्ने संस्था स्टकहोम इन्टरनेसनल पीस रिसर्च इन्स्टिट्युट (सीप्री) को रिपोर्टअनुसार सन् २०१७ मा अमेरिकाले आफ्नो कुल गार्हस्थ्य उत्पादनको केबल ३ दशमलव १ प्रतिशत हिस्सा आफ्नो सेनामा खर्च गरेको थियो । चीन र रुसको कुरा गर्ने हो भने चीनले आफ्नो जीडीपीको १ दशमलव ९ प्रतिशत र रुसले ४ दशमलव ३ प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्चिएका छन् ।


ओमान कुल गार्हस्थ्य उत्पादनका हिसाबले सैन्य क्षेत्रमा लगानी गर्ने पहिलो राष्ट्र हो । इरान, साउदी अरब र यमनको छिमेकी मुलुक ओमानले पछिल्लो एक दशकदेखि आफ्नो सैन्य खर्चमा लगातार वृद्धि गरिरहेको छ । यसरी सैन्य क्षेत्रमा खर्च वृद्धि गर्दै जाँदा ओमान आफ्नो आयको सबैभन्दा ठूलो हिस्सा सेनामा खर्च गर्ने देश बनेको हो । सन् २०१७ मा ओमानले ८ दशमलव ६८६ अर्ब डलर अर्थात् जीडीपीको १२ प्रतिशत रकम सेनाका लागि खर्च गरेको छ ।

साउदी अरबले गत वर्ष ६९ दशमलव ४१३ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत हिस्सा सैन्य क्षेत्रमा खर्च गरेको छ । गत वर्ष नै साउदी अरबसहितका राष्ट्र र कतारबीच तनाव चुलिएको थियो भने सन् २०१५ देखि साउदी अरबले यमनमा हुथी विद्रोहीविरुद्धको लडाइँको नेतृत्व गरिरहेको छ । इरानको समर्थनप्राप्त हुथी विद्रोहीविरुद्धको कारबाही अझै जारी रहेको छ । सिरियामा आतंकवादी समूह इस्लामिक स्टेट्स (आईएस) विरुद्धको कारबाहीमा पनि साउदी अरब सामेल छ । साउदीले गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भ्रमणका समयमा ठूलो मात्रामा हतियार किन्ने सम्झौता गरेको थियो ।

आफ्नो जीडीपीको ६ दशमलव २ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेर प्रजातान्त्रिक गणतन्त्र कंगो पनि यो सूचीको तेस्रो स्थानमा छ । कंगोले सन् २०१७ मा कुल शून्य दशमलव ४८४ अर्ब डलर आफ्नो सेनामा खर्च गरेको छ । कंगो देशभित्र नै हिंसाको सामना गरिरहेको छ । राष्ट्रपति डेनी सालो न्गुसो करिब तीन दशकदेखि सत्तामा रहेका छन् । त्यसअघि उनी सेनामा रहेका थिए ।

१७ हजार ८१८ वर्गकिलोमिटर क्षेत्रफल रहेको कुवेतको जनसंख्या करिब ३० लाख रहेको छ ।





साउदी अर्ब, इरान र इराकले घेरिएको यो सानो देश संवैधानिक राजतन्त्रात्मक देश हो । यहाँ अमेरिकी सेनाका केही अड्डा रहेका छन् । जो चरमपन्थी इस्लामिक संगठन आईएसविरुद्ध लडिरेको सेनाको हिस्सा पनि हो । सन् २०१७ मा कुवेतले आफ्नो सेनाका लागि ६ दशमलव ८३१ अर्ब डलर खर्च गरेको थियो ।

अल्जेरिया कुनै समयमा फ्रान्सको उपनिवेश थियो । स्वतन्त्रताको लामो लडाइँ पनि सन् १९६२ मा अल्जेरिया स्वतन्त्र भए पनि देशभित्र हिंसाको अन्त्य भएन । हिंसाको एउटा प्रमुख कारण धार्मिक र समाजभित्र रहेका ‘आजाद ख्याल’ समुदायबीचको तनाव थियो । सन् १९९२ मा सैन्य सरकार भएको अल्जेरिणमा बहुदलीय निर्वाचनलाई रद्द गरिएको थियो । त्यसपछि सन् १९९२ देखि १९९८ को बीचमा देशमा चलेको हिंसात्मक संघर्षका कारण लाखभन्दा बढी मानिसको मृत्यु भयो । त्यसयता अल्जेरियामा इस्लामिक चरमपन्थीहरूको संख्या ह्वात्तै बढेको हो । सीप्रीका अनुसार अल्जेरियाले सन् २०१७ मा आफ्नो सेनाका लागि १० दशमलव शून्य ७३ अर्ब डलर खर्च गरेको थियो ।

एक द्विप समूहराष्ट्र बहराइनमा सुन्नी रानाको शासन रहेको छ भने सेनाको उच्च पदमा पनि राजवंशका परिवारका सदस्यहरू रहने गर्छन् । तर, बहराइनका १४ लाख नागरिक शिया मुस्लिम हुन् । शिया बहुल समाज बहराइनमा हुने तनावको प्रमुख कारण पनि हो । सन् २०११ मा अरब वसन्तका क्रममा यहाँ प्रदर्शनकारीले सरकारमा अधिक सहभागिताको माग गरेका थिए । यस क्रममा प्रदर्शनकारीमाथि नियन्त्रण गर्नका लागि गल्फ को-अपरेसन काउन्सिलका सशस्त्र बल तैनाथ गरिएको थियो । सन् २०१७ मा बहराइनले १ दशमलव ३९६ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो । जुन प्रतिव्यक्ति ९३६ डलर हो र जीडीपीको ४ दशमलव १ प्रतिशत हुन्छ ।

लेबनान मध्यपूर्वका ती ६ देशमा पर्छ, जोसँग सबैभन्दा बढी सैन्य खरखजाना रहेका छन् । सन् १९७५ देखि १९९० को बीचमा लेबनान लामो गृहयुद्धमा फस्यो । यसपछि देशमा ठूलो मतभेद पैदा भयो । यसको घरेलु र विदेश नीतिमाथि उसका छिमेकी सिरिया र इस्लामिक समूह हिजबुल्लाहको ठूलो प्रभाव रहन पुग्यो । सन् २०१७ मा लेबनानले २ दशमलव ४११ अर्ब डलर रकम आफ्नो सेनाका लागि खर्च गरेको छ ।

सन् १९९७ मा रुसले आफ्नो जीडीपीको ४ दशमलव ३ प्रतिशत हिस्सा सेनामाथि खर्च गरेको थियो । तर, सन् १९९८ मा उसले यो खर्च कम गर्‍यो र जीडीपीको ३ प्रतिशत मात्रै सेनालाई दियो । यसपछि सेनामाथि रुसको खर्च हरेक वर्ष थोरै थोरै बढिरहेको छ र सन् २०१६ सम्म यो जीडीपीको ५ दशमलव ५ प्रतिशत भएको छ । तर, सन् २०१७ मा यसमा पुनः कटौती गरेर ४ दशमलव ३ प्रतिशत बनाइएको छ । सीप्रीका मुख्य जाँचकर्ता सिमोन भेजमेनका अनुसार रुस सन् २०१४ पछि आर्थिक समस्यासँग जुधिरहेको छ ।

सन् १९४९ मा जोर्डन स्वतन्त्र भएपनि त्यसयतादेखि नै जोर्डनमा विभिन्न प्रकारका संघर्ष चलिनै रहेका छन् । सन् १९६७ मा जोर्डनले इजरायलका विरुद्ध ६ दिने युद्ध गरेको थियो । जुन युद्धपछि आफ्नो वेस्ट बैंक र पूर्वी जेरुसेलममाथि आफ्नो नियन्त्रण गुमाएको थियो । सन् १९४८ मा भएको अरब इजरायल युद्धपछि यो इलाकामाथि जोर्डनको कब्जा थियो । सन् १९८४ मा जोर्डनले इजरायलसँग शान्ति सम्झौता गरे पनि हाल इस्लामिक आतंकवादी संगठनका कारण देशभित्र तनाव जारी रहेको छ । सन् २०१७ मा जोर्डनले १ दशमलव ९३९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको थियो ।

सन् १९४८ मा बनेको इजरायलको सम्बन्ध आफ्ना छिमेकी राष्ट्रसंघ सधैं तनावपूर्ण रहँदै आएको छ । यसको एकतर्फ सिरिया रहेको छ भने अर्कोतर्फ लेबनानको हिज्बुल्ला मिलिसिया रहेका छन् । जसलाई इरानको समर्थन प्राप्त छ । इरान सिरियाली सरकारलाई समर्थन गर्दछ । जो रुस र टर्कीसँग मिलेर आईएसविरुद्धको युद्धमा समेत सामेल छ । इजरायल सिरियामाथि अमेरिकी हमलाको समर्थन गर्दै बसर अल असद सरकारको विरोधमा छ । सन् २०१७ मा इजरायलले १६ दशमलव ४८९ अर्ब डलर आफ्नो सेनाका लागि खर्च गरेको छ ।

शीतयुद्धको अन्त्यपछि पहिलोपटक सन् २०१७ मा विश्वमा सैन्य क्षेत्रमा १ हजार ७ सय अर्ब डलर खर्च भएको छ । यो सन् २०१६ को तुलनामा १ दशमलव १ प्रतिशतले बढी हो । सर्वाधिक सैन्य क्षेत्रमा खर्च गर्ने देशमा भारत पाँचौं नम्बरमा परेको छ । गत वर्ष भारतले ६३ दशमलव ९ अर्ब डलर अर्थात् कुल गार्हस्थ्य उत्पादनको २ दशमलव ५ प्रतिशत खर्च सैन्य क्षेत्रमा गरेको छ । भारतले सेनाका लागि आफ्नो जीडीपीको अहिलेसम्मको सबैभन्दा ठूलो हिस्सा अर्थात् ३ दशमलव ७ प्रतिशत सन् १९८८ मा खर्च गरेको थियो । सन् २००७ मा भारतले जीडीपीको २ दशमलव ३ प्रतिशत हिस्सा सेनाका लागि खर्च गरेको थियो भने सन् २०१५ बाहेक भारतले सन् २०१२ देखि २०१७ सम्म लगातार आफ्नो जीडीपीको २ दशमलव ५ प्रतिशत हिस्सा सेनामा खर्च गरेको छ । सन् २०१५ मा भने उसले २ दशमलव ४ प्रतिशत मात्रै सेनामा खर्च गरेको थियो । यसैगरी सैन्य क्षेत्रमा फ्रान्सले ५७ दशमलव ८, बेलायतले ४७ दशमलव २, जापानले ४५ दशमलव ४ अर्ब डलर खर्च गरेका छन् । जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, ब्राजिल, इटाली, क्यानडा र टर्की पनि सैन्य क्षेत्रमा ठूलो रकम खर्च गर्ने गरेका छन् । सैन्य खर्चबारे हुने विभिन्न अध्ययनहरूमा फरक तथ्यांक पाइने गरे पनि सबै रिपोर्टबाट सैन्य क्षेत्रमा खर्च वृद्धि भइरहेको देखिन्छ ।

चीन क्षेत्रीय शक्तिको रूपमा मात्रै नभएर विश्वशक्तिका रूपमा स्थापित भइसकेको छ । चीनले पछिल्ला केही दशकदेखि गरेको तीव्र आर्थिक वृद्धिको प्रतिबिम्ब सैन्य क्षेत्रमा भएको आधुनिकीकरणमा देखिन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैनिक बजेटमा वृद्धि गरेका छन् भने कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने १० मध्ये सात राष्ट्र मध्यपूर्व अर्थात् पश्चिम एसियाका देशहरू रहेका छन् । जीडीपीको सर्वाधिक हिस्सा सैन्य क्षेत्रमा खर्च गर्ने यो क्षेत्रका देशहरूमा ओमान, साउदी अरेबिया, कुवेत, जोर्डन, इजरायल र लेबनान रहेका छन् । यसले पश्चिम एसियाली राष्ट्रमा जारी तनावकै बीच सैन्य क्षेत्रमा लगानी वृद्धि भइरहेको देखिन्छ ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### अग्लो रुखघर



यो अद्भुत घरको सिर्जना गर्ने व्यक्तिको दाबी छ कि घर बनाउनु अघि उनलाई भगवानको आदेश प्राप्त भएको थियो र आदेश अनुसार उनले त्यस अद्भुत रचना गरे । दाबी नगरुन् पनि किन ? ती व्यक्तिले दुनियाँकै सबैभन्दा अग्लो रुखघर अर्थात् ट्री हाउस निर्माण गरे ।


अमेरिकाको टेनिसी राज्यस्थित क्रासभिले सहरमा विश्वको सबैभन्दा अग्लो रुखघर रहेको छ । ६ वटा रुखको सहयोगले बनाइएको छ यो ट्री हाउस । घर १ सय फिट अग्लो छ, जुन १० तले घर जत्तिकै अग्लो हो । यो कुनै आम मानिसको घर होइन, टेनिसीस्थित एक मन्त्रीको घर हो ।

यो घर बनाउने आर्किटेक्टले सन् १९९३ मा यो घर बनाउने बारेमा सोँचेका थिए । उनले घर बनाउन सुरु गरेको ११ वर्षमा मात्र यसको निर्माण पूरा गरेका हुन् । यो घरको दायरा यति छ कि थाहा पाउँदा अचम्म लाग्दछ । यो १ हजार वर्ग फिटमा फैलिएको छ । घरमा चढ्ने सिँढीहरु घुमाउरो छन् । यसका साथै घरमा बाल्कोनी, बास्केटबल कोर्ट पनि रहेको छ ।

साथै घरमा विशेष पेन्ट हाउस पनि रहेको छ । पेन्ट हाउस बनाउन पूराना बोतलको प्रयोग गरिएको छ । यो घरको जग ८० फिट गहिरो बनाइएको छ । घरको हरेक तल्ला ९ देखि ११ फिटसम्म अग्लो छ ।

यो घर बनाउनका लागि १२ हजार डलर खर्च भएको बताइन्छ । स्मरणरहोस् बर्गेस नामक व्यक्तिले आफ्नी पत्नी बेल्फीका लागि यो घर बनाएका थिए ।

### शिखर चढेर किर्तिमान



अष्ट्रेलियाका एक पर्वतारोहीले केवल १ सय १७ दिनमा सातै महादेशका सर्वोच्च शिखरको आरोहण गरी दुर्लभ विश्व किर्तिमान कायम गरेका छन् ।

३६ वर्षका स्टिभ प्लेनले सोमबार विश्वको अग्लो शिखर सगरमाथा आरोहण गरेसँगै यस्तो किर्तिमान कायम गरेका हुन् । योसँगै उनी सबैभन्दा छोटो समयमा सात महादेशका सर्वोच्च शिखर चढ्ने मानिसको रेकर्ड आफ्नो नाममा पारे । यसअघि यो किर्तिमान पोल्याण्डका जानुस्ज कोचांस्कीको नाममा थियो । उनले १२६ दिनमा सातै महादेशका ७ सर्वोच्च शिखर चढेका थिए ।

पर्थका बासिन्दा प्लेनले गत जनवरी १६ मा अन्टार्कटिकाको सर्वोच्च शिखर माउन्ट भिन्सेनको आरोहण गरी अभियानको सुरुवात गरेका थिए । त्यसपछि उनले दक्षिण अमेरिकाको अकाउन्कागुआ , अफ्रिकाको किलिमन्जरो, अस्ट्रेलियाको माउन्ट कार्सटेन्स्ज पिरामिड, युरोपको माउन्ट एल्ब्रुज, उत्तर अमेरिकाको डेनाली र अन्त्यमा सगरमागाको आरोहण गरे ।

### साहसी काम

फ्रान्सको पेरिसमा एक युवकले अपार्टमेन्टको चौथो तल्लामा झुन्डिरहेको बच्चालाई आफ्नो ज्यान जोखिममा राखेर बचाएका छन् ।

शनिबार अपरान्ह रुइमार्क्स-डोर्मोएको एक अपार्टमेन्टको बार्दलीमा चारवर्षे बालक झुन्डिएका थिए । बाबु किनमेलका लागि बाहिर गएको बेलामा खेल्दै गरेका बच्चा एक्कासी बार्दलीमा झुन्डिएका थिए । तर, ‘सुपर हिरो’ले बचाएका छन् ।

बाटोमा हिँडिरहेका २२ वर्षीय युवन मामोउडु गासामाले बच्चा झुण्डिरहेको देखेका थिए । उनी अरु कुरा केही पनि नसोची फटाफट झुण्डिएर एकपछि अर्को तला चढ्न थाले । बच्चा भएको ठाँउसम्म पुग्नका लागि जम्मा ३० सेकेण्ड लगाए र बच्चालाई बचाउन सफल भए ।

यस्तो साहसिक कार्यपछि उनलाई सिनेमाको स्पाइडरम्यानसँग तुलना गर्न थालिएको छ । बच्चालाई बचाउनका लागि किन त्यस्तो जोखिम मोलेको भन्ने प्रश्नमा गासामाले भने, ‘उसको स्थिति देखेर मलाई माया लाग्यो, त्यसैले जोखिम उठाएँ ।’

डोरी वा अन्य कुनै सुरक्षा सामग्री बिना नाङ्गो हातले सजिलै भवनमा चढेका उनलाई प्रत्यक्षदर्शीको भीडले हौसला दिइरहेको थियो । चौथो तलामा पुगेपछि गासामाले बच्चालाई समाते र सुरक्षित रुपमा बाहिर ल्याएका छन् । बच्चा झुन्डिएपछि एक छिमेकीले बच्चालाई अर्को बार्दलीबाट बचाउन कोसिस गरिरहेका थिए र उनले यसबारे वायुणयन्त्रका कर्मचारीलाई सूचना पनि दिएका थिए । तर, उनीहरु आइपुग्नु अगाडी नै गासामा एक्सनमा आए र बच्चालाई बचाएका छन् । ६ महिना अघि मात्रै मालीबाट फ्रान्स आएका गासामा मोन्ट्रेउलमा बस्छन् ।


पेरिसका मेयरले गासामाको साहसिक कार्यको प्रशंसा गरेका छन् । मेयर एन्नी हिडाल्गोले ट्विटरमा पोस्ट गरेका छन्, ‘ मामोउडु गासामाको बहादुरीको लागि बधाई छ, अघिल्लो राति उनले एक बच्चालाई बचाए । मलाई उनीसँग फोनमा कुरा गरेर धन्यवाद दिँदा खुशी लाग्यो ।’

### प्रेमीलाई ६५ हजार मेसेज

प्रेममा मानिसहरु कतिसम्म पागल हुन्छन् भन्ने कुरा अमेरिकाकी एक युवतीले प्रमाणित गरेकी छिन् । पहिलो डेटिङपछि एक युवकको प्रेममा पागल भएकी युवतीले एकतर्फी प्रेममा परेर ती युवकलाई एक वर्षको अवधिमा ६५ हजार मेसेज पठाइन् । उनले पठाएका कतिपय मेसेजहरु निकै अनौठा तथा धम्कीयुक्त पनि थिए ।

एरिजोनाको फोनिक्सकी बासिन्दा ३१ वर्षीया ज्याकलिन एडेसलाई प्रहरीले गत मे ८ मा पक्राउ गर्‍यो । उनीमाथि धम्क्याएको, दुर्व्यवहार गरेको तथा आक्रमणको प्रयास गरेको लगायत अभियोग छ ।

### चिप्लेकिरालाई खुसी पार्दा फाइदा



यहाँ मानिसले त जीवनमा खुसी र स्वास्थ्यको लागि धेरै संघर्ष गर्नु परिरहेको छ । तर थाइल्याण्डमा चाहीँ चिप्लेकिरा पनि भाग्यमानी छन् । थाइल्याण्डमा अफ्रिकन जाएन्ट प्रजातिका चिप्लेकिराको स्वास्थ्य र खुसीका लागि ठूलो मेहेनत गरिएको छ ।

आखिर चिप्लेकिरालाई किन राख्नुपर्‍यो खुसी र स्वस्थ ? यसको कारण चाहीँ मान्छेकै स्वार्थ हो । वास्तवमा चिप्लेकिराबाट धेरै भन्दा धेरै र उच्च गुणस्तरको र्‍याल उत्पादन गर्नका लागि यस्तो खातिरदारी गर्नु परेको हो । चिप्लेकिराले उत्पादन गर्ने र्‍याललाई कस्मेटिक सामानमा प्रयोग गरिन्छ । त्यसैले थाइल्याण्डमा चिप्लेकिराको खेती गरिन्छ ।

थाइल्याण्डको नाखोन नायोकमा रहेको चिप्लेकिरा फार्मका सञ्चालक तावात्चाइ मानीमार्टले झण्डै ३ हजार वटा चिप्लेकिरा पालेका छन् छ । २१ वर्गमिटरको पिँजडाभित्र चिप्लेकिरालाई स्वतन्त्रपूर्वक हिड्न दिइन्छ । त्यहाँ चिप्लेकिरालाई प्राकृतिक वातावरण उपलब्ध गराइएको छ भने अर्गानिक काक्रो तथा हरियो सागपातहरु खान दिइन्छ । यी चिप्लेकिराले उत्पादन गर्ने म्युकस अर्थात् र्‍याल खासगरी दक्षिण कोरियामा निर्यात गरिन्छ । जहाँ कोरियन कस्मेटिक कम्पनीहरुले फेस सेरम र मोइस्चराइजर जस्ता प्रडक्ट बनाउन चिप्लेकिराको म्युकस प्रयोग गर्दछन् ।

तावात्चाइका अनुसार चिप्लेकिरालाई राम्रो वातावरण र खानेकुरा दिइयो भने चिप्लेकिरा स्वस्थ हुन्छ र त्यसले उच्च गुणस्तर तथा परिमाणको र्‍याल उत्पादन गर्दछ । थाइल्याण्डमा मात्र होइन चिली, इटाली र फ्रान्समा पनि र्‍याल उत्पादनका लागि चिप्लेकिरा पाल्ने गरिएको छ ।

थाइल्याण्डको नाखोन नायोकमा मात्रै ८५ वटा चिप्लेकिरा फार्म छन् । चिप्लेकिराहरुले वर्षको ८ महिना र्‍याल उत्पादन गर्दछन् भने ४ महिना आराम दिइन्छ ।

### अनौठो हेल्मेट




काठमाडौं । राजस्थानको अजमेरकी महिला इन्जिनियरिङ कलेजका विद्यार्थीहरुले एउटा यस्तो हेलमेटको आविष्कार गरेका छन्, जुन नलगाएसम्म दुई पांग्रे गाडी स्टार्ट नै हुँदैन । त्यतिमात्रै होइन मदिरा सेवन गरेको व्यक्तिले यदि त्यो हेल्मेट लगायो भने पनि गाडी स्टार्ट हुँदैन । ती छात्राहरुले भनेका छन् यदि यो हेलमेटको प्रयोग गर्न शुरु गरियो भने सडक दुर्घटनामा कमी आउने छ ।

अजमेर महिला इन्जिनियरिङ कलेजमा अध्ययनरत प्रियंका चौहान, प्रिया सुनारिया, नेहा शर्मा र प्रिया मित्तलले मोटरसाइकल र स्कुटर चालकलाई लक्षित गरी नयाँ हेलमेटको आविश्कार गरेका हुन् ।

यस हेलमेटमा एक विशेष प्रकारको सेन्सर लगाइएको छ जुन वाहनमा लगाइएको अर्को सेन्सरसँग कनेक्ट हुन्छ । हेलमेट लगाउनासाथ त्यो सेन्सर एक्टिभ हुन्छ । त्यसपछि मात्र आफ्नो वाहन स्टार्ट गर्न सकिन्छ । यो हेलमेटको अर्को एक विशेषता के छ भने मदिरा सेवन गरेकाहरुले लगाएमा पनि वाहन स्टार्ट हुँदैन । हेलमेटमा आरएम मोड्युलर सेन्सर जडान गरिएको छ जसबाट चालकले मदिरा सेवन गरे नगरेको थाहा हुन्छ ।



### १६ रुपैयाँमा गर्लफ्रेन्ड

दुनियाँका हरेक कुनामा केही न केही अनौठा चिज भैरहेका हुन्छन् । यस्तै अचम्मको कुरा चीनमा भैरहेको छ । चीनको गुआंगडोंगमा तपाइँ केवल १६ रुपैयाँ बराबरको रकममा गर्लफ्रेण्ड पाउन सक्नुहुन्छ ।

गुआंगडोंगको हेयुआन सहरमा रहेको द भाइटेलिटी सिटी सेन्टर नाम एक शपिङ कम्प्लेक्समा निकै सुन्दर मोडेलहरु उभिइरहेका हुन्छन् । त्यहाँ गएर कुनै पनि पुरुषले आफूलाई मन परेको युवतीलाई १ चिनियाँ युआन अर्थात् १६ रुपैयाँ बराबरको रकम तिरेर २० मिनेटसम्म आफ्नो गर्लफ्रेण्ड बनाएर लैजान सक्दछ । यदि २० मिनेटभन्दा धेरै समयसम्म ती युवतीसँग समय बिताउन चाहेमा समय अनुसारको थप रकम भुक्तान गर्नुपर्दछ । यद्यपि, यसका लागि केही नियमहरुको पालना गर्नुपर्ने हुन्छ । आफूले बनाएकी गर्लफ्रेण्डलाई केबल सपिङ मलमा घुमाउन पाइन्छ र सपिंङ पनि गराउन पाइन्छ । तर उनको म[illegible]

*(अनलाइन खबरबाट)*

प्रेरक

## अस्थी र पेचकस



पाउलो कोएलोले आफ्नो ब्लगमा एउटा घटनाबारे सविस्तार बताएका छन् । उनका ससुराबाले आफ्नो मृत्युभन्दा केही समयअघि परिवारका सबै सदस्यलाई बोलाए । सबैलाई सँगै राखेर भने- 'मृत्युलाई म हाम्रा लागि दोस्रो दुनियाँमा प्रवेश गर्ने मार्गका रूपमा लिन्छु । म यो संसारबाट गएपछि तिमीहरूलाई एउटा सन्देश पठाउनेछु कि अरूको भलाइका लागि काम गर्नु नै जीवनको सबैभन्दा महत्वपूर्ण उद्देश्य हो । केही समयपछि ससुराको मृत्यु भयो । उनकै इच्छाअनुसार दाहसंस्कार गरियो र उनको अस्थी समुद्रमा विसर्जन गरियो । पार्श्वमा उनको सबैभन्दा प्रिय संगीत रेकर्डरमा बजिरह्यो । परिवारका सदस्यलाई सम्बोधन गरिएको दुई दिनपछि उनले संसार छोडेका थिए । साओ पाउलोमा उनको अन्तिम दाहसंस्कारको व्यवस्था गरिएको थियो । परिवारका सदस्य अस्थीपात्र, संगीतको क्यासेट र टेपरेकर्डर लिएर त्यहाँ पुगे । तर त्यहाँ एउटा समस्या आइपर्‍यो । अस्थीपात्रको ढक्कन धेरै भोल्ट लगाएर बन्द गरिएको थियो । त्यसलाई कसैले खोल्न सकिरहेका थिएनन् । सहयोगका लागि पनि त्यहाँ कोही थिएन ।

नजिकै एकजना भिखारी थियो । हामी समस्यामा परेको देखेर ऊ हामी नजिक आयो र भन्यो- 'कुनै समस्या छ हो ?' मृतकका छोराले भने- 'मेरा पिताको अस्थी यसमा बन्द छ र यसलाई खोल्नका लागि पेचकस छैन ।' तपाईंको बुबा सायद धेरै राम्रो मान्छे हुनुहुन्थ्यो होला । किनकि मसँग पेचकस छ । भिखारीले झोलामा हात हाल्दै पेचकस निकालेर दियो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सामान्य काममा धन र श्रम खर्चनुपर्ला । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । गोपनीयता बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ । सहयोगीहरू पछि हट्नेछन् भने आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । समयमै सावधान हुँदा क्षति कम हुनेछ ।

### बृष

रमाइलो यात्रा गर्ने अवसर जुर्नेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिन सक्छ । कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ । विभिन्न सहयोग र उपहार प्राप्त होला । सोखले फजुल खर्च बढाउन सक्छ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ ।

### मिथुन

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । ईर्ष्या गर्नेहरूले भने निकै सताउन सक्छन् । चुनौती चिर्दै काम बनाउन सकिनेछ । सामान्य भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

### कर्कट

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । परिश्रम खेर जाने छैन । कसैलाई एकैचोटि विश्वास नगर्नु होला ।

### सिंह

हिस्सेदारसँग असमझदारी बढे पनि नयाँ सम्झौता हुन सक्छ । स्थायी सम्पत्तिमा देखिएको विवाद सुल्झाउन सकिनेछ । शुभचिन्तकहरूको साथ जुट्नाले चिताएका काम सम्पादन हुनेछन् । प्रक्रिया दोहोर्‍याउनुपरे पनि अन्ततः आफैंलाई फाइदा हुनेछ । भौतिक साधन जुट्नाले जीवनशैलीमा पनि परिवर्तन आउनेछ । अनावश्यक साइनो गाँस्नेहरूबाट भने सावधान रहनुहोला ।

### कन्या

काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । तर बलजफ्ती गर्ने बानीले महत्त्वाकांक्षी काममा बाधा हुन सक्छ ।

### तुला

विचारले धेरैलाई आकर्षण गर्ने समय छ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । प्रशंसकहरू बढ्नेछन् । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

### बृश्चिक

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला ।

### धनु

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । घरखर्च बढ्नुका साथै अर्थ अभाव देखा पर्नेछ । तापनि विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको कामसमेत सम्पादन हुन सक्छ । पहिले प्रतिस्पर्धा गर्नेहरूले पनि साथ दिनेछन् ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा मनग्गे लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । मिहिनेतले आम्दानी बढाउनेछ । दिन उत्साहवर्द्धक रहनेछ ।

### कुम्भ

आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । विशेष भेटघाटले काममा उत्साह बढाउला । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । व्यवसायमा फाइदा हुनेछ । स्वार्थमा लाग्नाले सामाजिक प्रतिष्ठामा भने समस्या आउन सक्छ । कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिसँग निकटता बढ्नेछ ।

### मीन

तारिफयोग्य कामको चर्चा हुनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले विशेष स्थान दिलाउन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर जुट्नेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला ।

## अनमोल नयाँ फिल्ममा

'ए मेरो हजुर ३' साइन गरेको दोस्रो दिन नै सुपरस्टार अनमोल केसी निर्देशक मिलन चाम्सको नयाँ फिल्ममा अनुबन्ध भएका छन् । आइतवार साँझ अनमोल र मिलनबीच औपचारिक रुपमा कागजी सम्झौता भएको छ । अनमोल अहिले आफ्नो छैठौं फिल्म 'क्याप्टेन' मा व्यस्त छन् । यसपछि उनले झरना थापाले निर्देशन गर्ने 'ए मेरो हजुर ३' को सुटिङ ज्वाइन गर्नेछन् र त्यस लगत्तै मिलनको फिल्मलाई समय छुट्याउने तालिका छ ।

अनमोल र मिलनबीच भएको सम्झौताको बखत 'लिलिबिली' निर्माता सुदिप खड्का, स्क्रिप्ट राईटर प्रदीप भारद्वाज र अनमोलका पिता भुवन केसी साथमा थिए । प्राप्त जानकारी अनुसार, यो फिल्मको कथा प्रदीपले लेख्दैछन् । सोमबार फिल्म 'क्याप्टेन' को सुटिङका लागि मुस्ताङ जाने हुँदा रातारात अनमोलले यो फिल्म साइन गरेका हुन् । सम्झौतासँगै उनले आफ्नो पारिश्रमिक चेकमार्फत् बुझेका छन् । प्राप्त तश्बिरमा सम्झौता पत्रसँगै चेक पनि देख्न सकिन्छ । उनले यसका लागि ४० लाख पारिश्रमिक बुझेको खबर प्राप्त छ ।

## नेपाली हरर फिल्म असफल

नेपालमा निर्माण भएका अधिकांश हरर फिल्म बक्सअफिसमा असफल छन् । हलिउड र बलिउड फिल्म हेर्ने बानी परेका दर्शकलाई नेपालमा निर्माण हुने यो जनराका फिल्मले सन्तुष्टि दिन सकेका छैनन् । सेतो साडी लगाएर दर्शक तर्साउने फर्मूलाबाट मेकर्स बाहिर आउन नसक्नु नै नेपाली हरर फिल्म स्तरिय नबन्नुको मुख्य समस्या हो ।

नेपालमा हरर फिल्म बनाएर धेरै निर्माताले घरबारी डुबाएको देख्दादेख्दै अभिनेत्री ऋचा शर्माले फिल्म 'सुनकेसरी' बनाइन् । फरक स्वादको पर्खाइमा रहेका दर्शकलाई यो फिल्मले प्यास मेट्न त सकेन तर बक्सअफिसमा भने सुखद नजिता ल्याउन सफल भएको छ । यसले अहिले घरेलू बजारमा राम्रो व्यापार गरिरहेको छ । सिंगल 'स्कृन' मा ठिकठाक रहेको यो फिल्मको विजनेश मल्टिप्लेक्समा राम्रो छ । १ करोड ३० लाखको लागतमा निर्माण गरिएको यो फिल्मले प्रदर्शनको चार दिनमा ९६ लाख ग्रस कलेक्सन गरेको ऋचाले फिल्मीखबर डटकमलाई जानकारी दिइन् । दर्शकबाट मिश्रित प्रतिक्रिया पाएको 'सुनकेसरी' हेर्ने अधिकांश १६ ।२० वर्षका युवायुवती र कपल बढी छन् । मल्टिप्लेक्समा उच्च शो पाएको यस फिल्मको शुक्रवार र शनिवार मल्टिप्लेक्समा एडभान्स बुकिङ आक्रामक थियो । यस फिल्ममा ऋचाका अलावा भीम न्यौपाने, रबिन्द्र झा, सुनिल पराजुली, तमन्ना शर्मालगायतका कलाकारहरुको अभिनय छ । ऋचाले अष्ट्रेलियामा बस्दै आएका भीम न्यौपानेसँगको सहकार्यमा यो फिल्म निर्माण गरेकी हुन् ।

## "शत्रु गते" बाट पल निराशा

अभिनेता पल शाहका फिल्म कम म्युजिक भिडियो बढी रिलिज हुने गर्दछन् । उनी दैनिकजसो युट्युब र टिभिको पर्दामा छुट्दैनन् । 'स्टार' अभिनेताको ट्याग पाइसकेका उनलाई आफ्नो क्रेज बचाइराख्न म्युजिक भिडियो कम गर्न धेरैले सुझाव नदिएका होइनन् तर उनले यी कुरा मुन्टो हल्लाइमा मात्र सिमित राखे । उनको डेब्यु फिल्म हिट भयो । उनले सुदर्शन थापाको फिल्म 'म यस्तो गीत गाउँछु' साइन गरे । यसमा उनको अपोजिटमा अभिनेत्री पूजा शर्मा थिइन् । यो फिल्म पनि हिट साबित भयो ।

लगालग दुई फिल्म हिट दिएपछि उनको चर्चा मात्र होइन पारिश्रमिक पनि आकाशियो । बजारमा उनले एक फिल्मका लागि १८ लाख पारिश्रमिक डिमाण्ड गरेको खबर छ । दोस्रो फिल्म 'म यस्तो गीत गाउँछु' रिलिजको ठिक एक महिनामा उनी पुनः तेस्रो फिल्म 'जोनी जेन्टलम्यान' लिएर दर्शकमाझ पुगे । यस्तैमा उनलाई विग ब्यानर अर्थात् मह संचारको फिल्म 'शत्रु गते' हात पर्‍यो । घोषणाकै क्रममा यो फिल्मले बक्सअफिसमा पैसाको वर्षात गर्ने पूर्वानुमान गरिएको थियो र नतिजा पनि सोहीअनुसार आयो । मल्टिस्टारर कलाकारका कारण फिल्मले हलमा प्रदर्शनको ५१ औं दिन समेत मनाइसकेको छ ।

तर, रोचक कुरा यो फिल्म बक्सअफिसमा हिट हुँदा पललाई कुनै क्रेडिट गएन । अभिनयको सबै तारिफ हरिवंश आचार्य र दीपकराज गिरीले आफ्नो पोल्टामा पारे । 'शत्रु गते' ले पललाई हिट फिल्ममा ह्याट्रिक मारेको खुसी मात्र दियो । यसमा उनीमाथी दीपकराज हावी थिए ।

## किन बनेनन् यी फिल्म ?

निर्माता सन्तोष सेनले नायक प्रदिप खड्कालाई मुख्य भूमिकामा राखेर पूर्व यूवराज दिपेन्द्र शाहको प्रेम कथामा चलचित्र बनाउने घोषणा गरे । चलचित्रको नाम राखिएको थियो, 'दिपेन्द्र सरकार' ।

चलचित्रको कार्यक्रम पाँच तारे होटल अन्नपूर्णमा राखिएको थियो । जहाँ नायक खड्का दिपेन्द्रकै स्टाइलको पोशाकमा पत्रकार सम्मेलनमा उपस्थित भए । यो चलचित्र गत वर्षको जेठ १५ मै रिलिज गर्ने बताइएको थियो । तर, अब यो चलचित्र बन्छ या बन्दैन अन्यौल छ । किनकी, प्रदिपले अन्य ब्यानरका चलचित्रमा काम गर्न थालिसकेका छन् भने सन्तोष पनि अर्कै चलचित्रको निर्माणमा लागेका छन् । प्राविधिक कठिनाइले यो चलचित्र निर्माण हुन नसकेको बताइन्छ ।

चलचित्र 'न्यू इयर'को घोषणा काठमाडौंको एभरेष्ट होटलमा भयो । अष्ट्रेलियामा सबै छायांकन गर्ने गरी घोषणा गरेको यो चलचित्रमा अनुपविक्रम शाही र वेनिशा हमाललाई मुख्य भूमिकामा लिइएको थियो । निर्देशकको रुपमा प्रविण श्रेष्ठलाई चयन गरिएको थियो । तर, अब यो चलचित्र नबन्ने पक्का जस्तै छ । बरु, 'ह्याप्पी न्यू इयर' नाम राखेर कुशल थापाले अष्ट्रेलियामा नै चलचित्र छायांकन गरेर रिलिज गरिसकेका छन् ।

निर्देशक बसन्त निरौलाले चलचित्र 'टाइम' को शुभसाइत एउटा मन्दिरमा पुगेर गरेका थिए । यो चलचित्र निर्माण गर्ने भनेर घोषणा भएको पनि बर्षौं भैसक्यो । तर, यसपछि उनले अन्य केही चलचित्र निर्माण गरिसकेका छन् तर 'टाइम' बनेन ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Impervious = नखिइने । पातलो हुँदै जाने । हानी पुर्‍याउन नसकिने This carpet is very much thick and impervious to ordinary wear and tear (यो गलैंचा यति बाक्लो छ कि साधारण प्रयोगबाट यो पातलो हुँदै गई प्वाल पर्दैन)

Junket = सरकारी खर्चमा गरिएको मनमौजी घुमफिर His trip to Bangkok was not aimed at medical test but was merely a junket (उसको बैंकक भ्रमणको उद्देश्य स्वास्थ्य परीक्षण गर्ने भनिए तापनि यो एउटा मनमौजी घुमफिर थियो)

Knoll = गोलाकार सानो पहाड In order to reach the fort you have to climb a knoll किल्लामा पुग्ने हो भने तिमीले सानो गोलाकार पहाड चढ्नै पर्दछ ।

Luxuriant = ढकमक्क । झकिझकाव । परिपूर्ण । खँदिलो । झाँगिएको Merry is very much beautiful with her luxuriant hair (मेरी आफ्ना झाँगिएको कपालको कारणले गर्दा निकै सुन्दर छिन्)

Militate=बाधा पुर्‍याउनु Your frequent absence in the meeting might militate your chances of being elected (तिम्रो बारम्बार दोहोरिने अनुपस्थितिले निर्वाचित हुने तिम्रो सम्भावनालाई बाधा पुर्‍याउन सक्छ)

Nurture = पुष्ट पार्नु । राम्ररी स्याहार गर्नु । हुर्काउनु It is difficult to nurture a tropical plant in a cold climate ( गर्मी ठाउँमा हुने बिरुवालाई जाडो ठाउँमा हुर्काउन गाह्रो हुन्छ)

Ostentatious=अरूको ध्यान आफूतिर खिच्ने प्रवृत्ति । देखाउनुपर्ने स्वभावको She dresses in a very ostentatious manner (तिनी अरू आफूबाट आकर्षित होउन् भन्ने सोची त्यहीअनुरुप लुगा लगाउँछिन्)

Pervasive = सबैतिर फैलिने । सबैतिर ब्याप्त Because of pervasive odor we could not stay for long in his room (सर्वब्याप्त दुर्गन्धले गर्दा हामी उसको कोठामा धेरैबेर बस्न सकेनौं)

Quiver = राम्ररी घोलियोस् भनी हल्लाउनु, थरथर काम्नु Being quivered with rage she slammed the door (रिसले थरथर काम्दै उनले ढड्याम्म ढोका लगाइन्)

Reproach = असन्तोष वा अस्वीकृति His manners are above reproach (उसको ब्यवहारप्रति असन्तोष वा अस्वीकृति जनाउने ठाउँ नै हुँदैन)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

शाह वंशीय राजाहरूमा सबभन्दा थोरै राज्य गर्ने राजा को हुन् ?
- स्व.राजाप्रतापसिंह शाह, ३ वर्ष

नेपालमा फाँसी सजाए पाएर पनि जीवित रहने व्यक्ति को हुन् ?
- भूपू प्रम टंकप्रसाद आचार्य

महाभारतमा सबभन्दा विद्वान र ज्ञानी मानिस कसलाई भनिन्छ ?
- विदुर

सबभन्दा रिसाहा ऋषि को हुन् ?
- दुर्बासा

विश्वमा सबभन्दा बढी मोल पर्ने वस्तु के हो ?
- रेडियम

एटम बमका आविष्कारका को हुन् ?
- ओटोहन

खेलको समयमा नम्बर तोकेको शर्ट लगाउन कहिलेदेखि सुरू भयो ?
- १९३९ ई.सं.

क्रिकेटको जनक कुन देशलाई भनिन्छ ?
- इंग्ल्यान्ड

विश्वको सबभन्दा ठूलो स्टेडियम कहाँ छ ?
- चेकोस्लोभाकिया, प्राग

युनेस्कोको मुख्यालय कहाँ छ ?
- पेरिस

विश्वको कुन देशमा सबभन्दा धेरै मात्रामा उखु उत्पादन हुन्छ ?
- क्युबा

हाल इराक भन्ने देशको प्राचीन नाम के थियो ?
- मेसोपोटामिया

विश्वको सबभन्दा ठूलो गुफा कुन हो र कहाँ छ ?
- ग्रेट ओनेक्स, अमेरिका

विश्वको सबभन्दा लामो नदी कुन हो र त्यसको लम्बाई कति छ ?
- मिसिसिपी नदी ४२२१ माइस

गेडा नभएको अंगुर सुकायो भने के बन्छ ?
- किसमिस

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Goes like = यस्तो हुन्छ My song goes like this मेरो गीत यस्तो हुन्छ ?

Go = निको हुनु र समाधान हुनु Has your pain already gone? तिम्रो दुखाइ निको भैसक्यो ?

Go = बज्नु, सूचना दिनु As soon as fire alarm goes, one has to leave the room अगलागी भएको सूचना प्राप्त हुनासाथ सबै कोठाबाट बाहिर जानु पर्छ ।

Go= छोड्नु He is incompetent and thus has to go ऊ असक्षम छ, त्यसैले जागिर छोड्नैपर्छ ।

Go = विहीन हुनु Her sight went at the age of 70, ७० वर्षको उमेरमा उनी दृष्टिविहीन भइन् ।

Go well = चल्नु, बिक्रि हुनु This dictionary is going very well यो शब्दकोष राम्रै बिक्रि भइरहेको छ ।

Go = बाँकी हुनु There are only two days to go before election निर्वाचन हुने दिन आउन दुई दिन मात्रै बाँकी छ ।

Go into = तिर जानु This industry goes into liquidation soon यो उद्योग छिट्टै टाट पल्टने अवस्थातिर जाँदैछ ।

Go out = हट्नु This fashion has already gone out यो फेसन चलनचल्तीबाट हटिसक्यो ।

## सुडोकु-अंक १०४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७ | | | | ६ | | २ | |
| | ५ | | | | | ४ | ९ | |
| ८ | | | | ३ | | | | |
| | | ४ | ८ | | २ | | | |
| १ | | | | ९ | | | | २ |
| | | | ६ | | ५ | ८ | | |
| | | | | ४ | | | | ३ |
| | ९ | ६ | | | | | ७ | |
| | ३ | | ९ | | | | ८ | |

## अंक १०३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ८ | २ | ९ | ६ | ५ | ७ | ४ |
| ५ | २ | ४ | ७ | १ | ८ | ३ | ९ | ६ |
| ६ | ९ | ७ | ५ | ४ | ३ | ८ | १ | २ |
| २ | १ | ५ | ६ | ७ | ९ | ४ | ३ | ८ |
| ७ | ४ | ९ | ३ | ८ | ५ | २ | ६ | १ |
| ८ | ६ | ३ | १ | २ | ४ | ७ | ५ | ९ |
| ४ | ७ | २ | ९ | ५ | १ | ६ | ८ | ३ |
| ३ | ५ | १ | ८ | ६ | २ | ९ | ४ | ७ |
| ९ | ८ | ६ | ४ | ३ | ७ | १ | २ | ५ |

# बाल विकास समाजका विविध गतिविधि

























**भक्तपुर : बालश्रम मुक्त ईँटाभट्टा घोषणा**

बाल विकास समाज र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा भक्तपुरमा रहेका ईटाभट्टामा काम गर्ने बालबालिकाहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । विशेषगरी काभ्रे, रामेछाप, सर्लाही लगायका जिल्लाबाट अभिभावकसहित आएका बालबालिकाहरु श्रमिकको रुपमा भट्टामा काम गरिरहेका छन् । उनीहरुलाई गाउमा नै फर्काउने र यहाँ बस्दा पनि काम नगरी विद्यालय पठाउनका लागि संस्थाले सहयोग गरिरहेको छ । यसैगरी संस्थाले भट्टमा काम गर्ने किशोरकिशोरीहरुका लागि पनि विभिन्न चेतनामुलक कार्यहरु सञ्चालन गरिरहेको छ । भट्टामा काम गर्ने मजदुरका साना बालबालिकाको लागि संस्थाको पहलमा दिवा शिशु स्याहार केन्द्र समेत भट्ट सञ्चालन हुँदै आइरहेको छ । बाल विकास समाजको अगुवाइमा एक भव्य कार्यक्रमको आयोजना गरी भक्तपुरका ३ वटा ईटाभट्टालाई बालश्रम मुक्त ईँटाभट्टाको रुपमा घोषणा भएको छ । सो कार्यक्रम प्रदेश नम्बर ३ का सांसदको प्रमुख अतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा पुन:निर्माण प्राधिकरणका प्रमुख भक्तपुर सुर्य विनायक तथा चाँगुनारायण नगरपालिकाका प्रमुख तथा उप प्रमुख लगायत विभिन्न सरोकारवाला पक्षहरुको सहभागिता रहको थियो । कार्यक्रम चाँगुनारायण नगरपालिकाको आयोजनामा सम्पन्न भएको हो । कार्यक्रममा बालअधिकार कर्मी सुरेन्द्र ढकालले शुभकामना मन्तव्यसहित बालश्रममुक्त भट्टा घोषणा भएपछि सो भट्टाहरुलाई सरकारले बजारीकरणमा सहयोग गर्नुका साथै बालश्रममुक्त भट्टाबाट मात्र ईँटा खरिद गर्नका लागि सबैलाई प्रोत्साहन गर्न सकेको खण्डमा मात्र यस सार्थकता रहने कुरा बताउनु भएको थियो ।

उहाँले घाषणा गर्नु ठूलो कुरा नभएको यसलाई साच्चै व्यवहारमा लागू गर्नका लागि सबैले ठोस भूमिका खेल्नु पर्ने कुरा समेत बताउनु भएको थियो । कार्यक्रममा बोल्दै पुननिर्माण प्राधिकरणका प्रमुख युवराज भुषालले यो कार्य एकदमै राम्रो भएको र घर बनाउने क्रममा बालश्रम मुक्त भट्टाका ईँटा मात्र प्रयोग गर्न सबैलाई अनुरोध गर्नु भएको थियो । उहाँले अब छिटै भूकम्प पिडीतहरुको घर पुननिर्माण हुने अहिले धमाधम काम भइरहेको कुरा समेत उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले अहिलेको संविधानको धारा १९ मा पनि बालश्रमको बारेमा लेखिएको र जो कोहीलाई पनि बालश्रम प्रयोग गर्न छुट नभएको हुनाले यसलाई निर्मुल पार्न सबै चनाखो हुनु पर्ने कुरा बताउनु भएको थियो । नेपालमा अझैपनि १६ लाख बालबालिकाहरु श्रममा रहेका जसमा ९ लाख बालिका र ७ लाख बालक रहेको तथ्य उल्लेख गर्दै सरकारले पनि बालश्रम अन्त्य गर्न अझ प्रभावकारी रुपमा कार्य गर्नुपर्ने र भएका नीतिहरुलाई कडाइका साथ कार्यान्वयन गर्न सक्नुपर्ने कुरा बताउनु भएको थियो । सबै क्षेत्रमा बालश्रम पाइने हुनाले सबै जिम्मेवार पक्षको भूमिका अति नै महत्वपूर्ण रहने कुरामा समेत उहाँले विश्वास व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा चाँगुनाराण नगरपालिकाका प्रमखुले सबैलाई धन्यवाद दिदै बालश्रम अन्त्यका लागि अफू सधैं लागि पर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । सोही कार्यक्रममा सरस्वती माता चिम्नी ईटा उद्योग चाँगुनारायण नगरपालिका ८, महामञ्जुश्री ईटा उद्योग चा.ना. नपा ८ र दक्षिणबाराही ईटा उद्योग सुर्य विनायक नगरपालिका ४ लाई बालश्रम मुक्त ईटाभट्टा घोषणा गरिएको हो ।

**बालश्रम मुक्त इट्टा उद्योग घोषणा तथा सम्मान कार्यक्रम**

भक्तपुर जिल्लाका हामी ३ वटा ईटा उद्योगहरु सरस्वती माता चिम्ना ईट्टा भट्टा सुडाल, श्री महामञ्जुश्री ईट्टा उद्योग, सुडाल र दक्षिण बाराही ईट्टा उद्योग, दधिकोटका व्यवसायीहरुको तर्फबाट जारी गरिएको संयुक्त प्रतिवद्धता पत्र

जेठ १५, २०७५ मंगलबार

आदरणीय यस कार्यक्रमका अध्यक्ष एवं भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिकाका प्रमुख श्री सोम प्रसाद मिश्रज्यू, प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यूहरु, अतिथिज्यूहरु, ईट्टा उद्योग व्यवसायीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

आज हामी ३ वटा ईट्टा उद्योगका संचालकहरु अत्यन्त खुशी र गौरवान्वित भएका छौं । आज यस भक्तपुर जिल्लाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतलाई एउटा शुभ सन्देश दिदैंछौं । जुन सन्देश दिनको लागि व्यवसायीहरुको तर्फबाट हामी तपाईहरु सामु उभिएका छौं । आज हामीलाई यस कारण गर्वको महसुस भएको छ कि, यस नगरपालिकालाई बालश्रम मुक्त बनाउने कार्यमा सबै निकायबाट अभियान संचालन भईरहेको अवस्थामा हामीले पनि त्यस कार्यमा एउटा अर्को ईट्टा थप्न सफल भएका छौं । **हामीलाई थाहा छ, नेपालको संविधानले बालअधिकारलाई मौलिक हकको रुपमा स्थापित गरि बालश्रमलाई अन्त्य गर्ने परिकल्पना गरेको छ ।** त्यस्तै बाल अधिकारसँग सम्वन्धित विभिन्न नीति तथा कार्यक्रम पनि छन् । अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौताहरु पनि छन् तर पनि हामी व्यवसायीहरुले सोचे जस्तो र खोजे जस्तो सफलता प्राप्त गर्न सकिरहेका छैनौं ।

यस मञ्चबाट हामी ईट्टा उद्योग व्यवसायीहरुको तर्फबाट के विषयमा स्पष्ट प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं भने सरकारले लागु गरेको ऐन, कानुन, नीति कार्यक्रम तथा सन्धी सम्झौताहरु माथि हाम्रो पूर्ण रुपमा समर्थन र साथ छ र रहन्छ पनि । तर पनि बाध्यता भनौं वा विडम्वना हामी व्यवसायीहरुले चाहाँदा चाहाँदै पनि ईट्टा उद्योगमा बालश्रमलाई पूर्ण रुपमा निषेध गर्न अर्थात रोक्न सकिएको छैन् । हामी सबैले जान्नै पर्ने र बुझेको कुरा पनि के हो भने विशेषगरी ईट्टा उद्योगमा रहेका बालश्रमको एक मात्र कारण हामी मात्र अवश्य होइनौं । यस क्षेत्रमा जति बालबालिकाहरु काम गर्दछन्, उनीहरुलाई रोक्न हामी व्यवसायीहरुको तर्फबाट पहल नभएको पनि होइन । साथै बाल अधिकारको लागी तथा विशेषगरि उनीहरुको शिक्षा, स्वास्थ्य र संरक्षणको लागि हामी आफ्नै पहलमा पनि विविध कार्यक्रमहरु संचालन गरिरहेका छौं ।

खुशीको कुरा तथा हाम्रो अनुभव यहाँहरुलाई सुनाउन पर्दा विगत १२ वर्षलाई पल्टाएर हेर्दा ईट्टा उद्योगमा बालश्रमिकको संख्या अधिकतम रुपमा घटेको छ र घट्नेक्रम पनि जारी छ । यस **सफलतामा सरकारी निकाय, संघ संस्था, पत्रकार, मंजदुर, नाइके, व्यावशायी लगायन अन्य सरोकार निकायको** सहयोग र सदभाव रहेको छ । तर पनि पूर्णरुपमा बालश्रम निवारण गर्नका लागि धेरै काम गर्न बाँकी छ । हामी अर्को के कुरा पनि यहा जानकारी गराउन चाहन्छौं भने ईटा उद्योगमा बालश्रमलाई पूर्ण रुपमा निषेध गर्ने काम हाम्रो तर्फबाट पूर्णरुपमा सहयोग हुन्छ तर यस

Scanned by CamScanner

**काभ्रे : बालमैत्री शौचालय र खानेपानी उद्घाटन**

बाल विकास समाजले Borouge Pet. Ltd. को आर्थिक सहयोगमा पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project सम्पन्न गरेको छ।१३४ जना विद्यार्थी रहेको उक्त विद्यालयमा आधुनिक स्तरको व्यवस्थित र भूकम्प प्रतिरोधात्मक शौचालय निर्माण भएको छ । जसमा छात्र र छात्राको लागि छुट्टा छुट्टै गरी ६ वटा कोठाको शौचालयको व्यवस्था रहेको छ भने अपाङ्गता भएका तथा असक्त विद्यार्थीहरुका लागि छुट्टै व्यवस्था गरिएको शौचालयको निर्माण भएको छ। साथै बालिकाको शौचालयमा स्यानिटरी प्याड प्रयोग गरी जलाउने स्थान सहितको व्यवस्था गरिएको छ । बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रदिप कुमार श्रेष्ठका अनुसार बालमैत्री र भूकम्प प्रतिरोधात्मक संरचना निर्माण तथा आधुनिक स्तरको शौचालय निर्माण हुनुका साथै व्यवस्थित रुपमा खानेपानीको वितरण भएको छ ।

बाल विकास समाजका अध्यक्ष सुवास गौतम, कोषाध्यक्ष सुरेन्द्र ढकाल, पाँचखाल नगरपालिकाका उप-प्रमुख लक्ष्मी दनुवार र पाँचखाल न.पा. २ का वडा अध्यक्ष हरिराम खतिवडाबाट संयुक्त रुपमा शिलन्यास भएको परियोजनासम्पन्न भएको हो । समाज कल्याण परिषद्बाट स्वीकृती प्राप्त गरी जिल्ला समन्वय समिति काभ्रेको अनुमति तथा पाँचखाल नगरपालिकाबाट नक्सा पास गर्नुका साथै सोही नगरपालिकासँग सहमती एवं समन्वयमा संचालित यस परियोजना पाँचखाल न.पा.वडा नं. २ को प्रत्यक्ष अनुगमनमा सम्पन्न भएको हो । परियोजनाको लागि सम्पूर्ण कार्य समापन पश्चात Borouge Pte. Ltd. का Senior Vice President South Asia-Mr. Tarmo Raudsepp बाट यही जेठ १३, मा उद्घाटन तथा हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको हो ।

शुद्ध खानेपानीबाट विद्यालयका १३४ जना बालबालिका र उक्त ज्यामिरकोट समुदायमा रहेका २३ घरधुरीका करिब ११० जना व्यक्तिहरु लाभान्वित भएका छन् । खानेपानीको लागि गाउँ भन्दा करिब ३०० मिटर तल रहेको मुलबाट १०,००० लिटरको ट्यांकीमा जम्मा गरी विद्युतीय मोटरको सहायताले करिब ३०० मिटर माथि लिफ्टिङ्ग गरिएको छ । ३०० मिटर माथि अर्को १०,००० लिटरको ट्यांकीमा पुनः जम्मा गरी १ वटा विद्यालयमा र गाउँका २३ घरपरिवारमा ५ वटा गरी जम्मा ६ वटा पाइपलाईनबाट खानेपानी वितरण गरिएको छ भने करिब ४/५ घरको बीचमा पर्नेगरी समुदायका व्यक्तिहरुले संयुक्त रुपमा धारा निर्माण समेत गरेका छन् ।

उक्त खानेपानीबाट समुदायका प्रत्येक घरधुरीले दैनिक करिब ५०० लिटर खानेपानी संकलन गर्न पाएका छन् । निर्माण समिति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश प्रसाद तिमल्सिना र प्रधानाध्यापक मेघनाथ अधिकारीले भन्नु भयो "यस परियोजनाको उपलब्धीस्वरुप विद्यालयमा बालबालिकाको भर्नादरमा वृद्धि भएको छ, सबैले नियमित खानेपानी पाएका छन् भने समुदायका मानिसको करिब १ घण्टाको दूरीबाट सधैं खानेपानी बोकेर खानुपर्ने बाध्यता हटेको छ । जसबाट विद्यालय परिवार र समुदायका व्यक्तिहरु निकै खुसी भएका छन् ।"

**गोविन्द वि क/प्रदिप श्रेष्ठ**

नियात्रा

# बेलायतको सेरोफेरो-२४

**खोमदत्त बराल**



दिन भर बुलवीच बजार क्षेत्र वरिपरितिर घुमियो । सडकतिर विविद्य विषयका प्रचारकहरु हुँदा रहेछन् । कोही काइष्टको गुण गान र धर्मकर्मका प्रचारक छन् । एउटा प्रचारकले त आप्नो त्रान गुणको प्रचार गरेको समेत पाइयो । ज्योतिषको प्रचार जस्तो सबै प्रकारका ज्ञान र क्षमता भउको सबै प्रकारका समस्या समाधान गर्न सक्ने चमत्कारिक व्यक्तित्वको धनीको रुपमा पोष्टकार्ड भद अलिकति मात्र ठूलो कार्डमा लेखिएको पर्चा रहेछ । प्रेम सम्बन्धमा परेको बाधा हटाउने रे । जागिरको समस्या छुटाउने रे रोग व्याध समेत समाधान गर्न सक्ने प्रचारकहरु हुँदा रहेछन् । प्यालेष्टाइनीहरुको समस्या । यहुदीहरुले प्यालेष्टाइनी क्षेत्रमा दखल हस्तक्षेपको विषय पनि एउटा पाल टाँगेर प्रचार गर्दै गरेको सबैले एक एक थान कागज थमाए । यी प्यालेष्टाइनीले भने तीनबटा कागज दिए । यहुदी र प्यालेष्टाइनीको छोटो इतिहास पनि समावेस रहेछ। इजरायलको जीवन पनि पढ्न र जान्न पाइयो । बेलायतको बाटोमा घुम्दा धेरै ज्ञान सिकियो ।

केटाकेटी मार्केटिङ्ग गरेर फर्के । खाजामा रुचि जागेछ । म्याकडोनाल्डमा पसियो । म भने बाहिरै बरालिन लागे । तीन कोकाकोला ।दुई थान आलु भुटेको पोकट र एक थान चिकेन वर्गन लिएर टेबलमा बसियो । यस क्षेत्रमा मानव उत्पादन फार्मिङ्ग बढेको छ । बेबी ट्रेलीमा एउटा बच्चा वपिरि चार पाँचबटा बच्चा एक जना महिला छिन् । ख्याउटे पत्नी । एउटा भर्खरै जन्माएको बच्चा ट्रलीमा राखेर दुध चुसाउने बोतलमा दुध मागदै मानिस बसेको छेबुल टेपलमा धुमेको निश्चय पनि दर्दनाम नै विषय थियो । सेती मानिस सबै बेलायती महिला नहुन पनि सक्छन् । तर बेलायतमा एक किसिमको अपशकुन शुरु भएको लक्षण देखिदैछ । एकातिर बेलायतका नागरिकहरु बेरोजगारको मारमा फसेका छन् ।

विदेशीहरुले आफ्नो श्रम पसिनाले सिचेका कार्यालय र कम्पनीहरुमा बेलायती नागरिक हुनुको गौरवमा क्षमतावान र पोख्त हातहरुलाई कामबाट बेदखली गर्दै आफ्ना नागरिकलाई हस्तान्तरण गर्दैछ । सरकारले सबै कम्पनीहरुलाई परिपत्र गरेर सबै कम्पनीहरुले बेलायती नागरिकलाई जागिर दिनु पर्ने बाध्यतात्मक आदेश रहेछ । यसैले हालसालै पनि सरकारले आफै नै तलब भुक्तान गर्ने गरी नेपाली नागरिकलाई जागिरबाट हटाएर बेलायती नागरिकलाइ कम्पनीमा भर्ति गराउन थालेका छन् । बेलायती पोख्त कार्य जान्ने भएपछि मात्र कम्पनीले पैसा दिए हुने रे । बेलायतको हिजोको अवस्था छैन । सरकारले नागरिक संख्या बढाउन विकासे सुंगुर पालन जस्तो एउटा आइमाइले छाउराको दशौ बच्चाहरुको ताती लाएर हिडोके देखिन्छ । सरकारले सुविधा त वितरण गर्ला तर आफ्नो शरीरका सबै तन्तु सुकाएका उत्पादन गरेका चिङनाहरु त्यति स्वास्थ्य र सक्षम नहुन पनि सक्छन् । सरकारको सुविधामा सन्तान उत्पादन गर्दा मनोवैज्ञानिकरुपमा पनि सन्तान प्रतिको माया ममता कृतिम जस्तो हुन जान्छ । अपनत्व भन्दा सरकारका लागि गरिएको खेतालाको उत्पादन गर्ने काम जस्तो हुन जान्छ । अप्नत्व र स्वामित्वसंग आत्मियता र ममता नभएका सन्तानहरुमा वर्ग्णसंकरको संस्कार विकास हुँदा भोलिको बेलायतको भयावह चित्र उपस्थित हुन सक्दछ । सन्तानकै लागि भूसतिग्रै अफ्रिकन भालेहरु लगाएर स्वारिवने सुखभोगमा माएका कुइरेनीको हादिकता र ममताको Wave Legnth कस्तो होला ।

२०६८/०४/१६

विहान भरी कम्प्युटरमा खोलियो । विहानको कामबाट कान्छो फर्के पछि खान खाएर केही छिन घुम्न विचारमा बाहिर बजारतिर निस्कियो । बजार जाने क्रममा थेम्स पार्क नजिकै परेकोले पार्कका चौतारिमा सितल ताप्नु पर्ने, घमाइलो दिन पऱ्यो । चौर राम्रो छ । रुख विरुवाले ममोहक दृश्य आपूर्ति गर्दैछ । यो पुरानो खरखजना सरकारी हात हतियार तोप राख्ने ठाउँ रहेछ भन्ने भौतिक उपस्थितिले प्रमाणित गर्दैछ । नजिकै चियाकफीको पसलमा मानिस आफूलाई हराइ रहेछन् । थेम्स नदी आफ्नै पारामा छ । थेम्सको छाती नाप्दै जहाजहरु मताउता चलबलाउँदैछन् । थेम्सको किनारै किनारा पानीको वहाव संगै पाइला मिलाएर अघि बढियो । अलिपर चितवनका चौरासी नाघेको न्यौपाने बावैसंग भेट भयो । अलि कानको क्षमता खस्कदै रहेछ । एकछिन कुरकानी भयो । एक वर्ष देखि नै न्यौपाने बाबै यतै रहेछन् । बुहारी र नाति नातिनासंग घुम्दै रहेछन् । एउटा फलैचामा बसेको भेटियो । बेलायतमा खुब रमाइलो र सुग्घर सफाइ भएको बखान गर्न रमाएको बुझिन्थ्यो । एउटा कम्यूनिटी कलेजमा छोरा जागिरे रे यतैको नागरिक बनेर घर किनेर बसेकाले यो बेलायतले यस पार्कलाई Duke of Wellington पनि भनिदो रहेछ । घुमेर निस्कने समय घाम कडै लागेको छ । बेलायतमा पच्चीस दिनको बसाइमा सबै भन्दा न्यानो दिन थियो । चौर राम्रो भएकोले कान्छोले जुत्ता खोलेर खालि खुट्टा हिड्ने आँट गरिन् । धेरै बेरको यात्रा चौरको खालि खुट्टा हिडेर बाहिर निस्कने गेटमा आफूलाई पुऱ्याइयो । बाहिर निस्केर आइसलैण्डमा पसेर एउटा गतिलो बोतलको कोकाकोला किनियो । त्यसपछि बजारको रौनक हेर्दै कोठातिर पाइला चालियो । Drack Land light Rail को टेसनको बाटो हुँदै वासस्थान तिर प्रवेस भयो । बेलायतका असिम बाबुको नाताकी सहरा आन्टीले उतै खाना खाने गरी बोलाउनु भएको रहेछ । एवी वीइ वाइ बुड -अवेवुड) रोडमा बस्नु हुँदो रहेछ । गइयो । खोटाङ्गका करुवालजीसंग विहा गरेर बेलायतमा बसेको दशौ वर्ष वितेछ । घर किनिसक्नु भएको छ । राम्रै घर रहेछ । अरुलाई पनि भाडामा दिएको छ । एउटा पाकिस्तानी समेत घरमा बसेको छ । सबै काममा हात पटाएको देख्दा केही असजिलो त अनुभव भयो । यो टाडा पर्देशको ठाउँ सबै संग काम बाँडेर गर्दा राम्रै पनि हुन्छ । कुखुराको मासु निकै ल्याएको रहेछ । धौ फुकाएर केटाकेटीले खाए । आफूले बन्दकोभी दही लगाएर अचार र चिउरामा रमाए । खानमा खासै लोभ लाग्दैन दुइ कप कोक पनि अर्मत रुपमा स्वीकार गरियो । सात बजे देखि दश बजे सम्मको कटुवालजीको घरमा पारिवारिक वातावरणमा रमाइयो । कटुवालजीले कुखुराको सेकुवा बनाए । घरको बारीको किनारामा स्याउको बोट प्रशस्त हरियो स्याउलाई बोकेर खडा छ । टिक्दैन र झरेर सकिन्छ रे । हालमा भने वाक्लै दाना बोटका हाँगामा झुण्डेका छन् । वास्तवमा हाम्रो एक दुई घण्टाको वसाइमा एक थान दाना भनो झरेको देखियो । यसरी झर्दै गए साँची नै पाकुञ्जेलमा भने झरेर सकिने पनि जस्तो बुझियो । घाम अस्ताउँदै जाँदा जाडो पनि बढ्दै गाये । भित्र बैठकमा आमन्त्रण भयो । बैठक कोठा बेलायती पाराको राम्रो बनाइएको छ । घरमा सानी छोरी दुई वर्ष कि छिन् ।उनी कार्टुन मन पराउदि रहेछिन् । हामीले आजतक भारती खबर हेर्न पाए हुने इच्छा राख्दा सानी छोरीको विरोध र विद्रोहलाई अनादर गर्न सकिएन बाल नै रोड्न बलं भन्ने झै रुवाई को विद्रोह सडकमा राँको लिए आन्दोलन गर्ने भन्दा प्रभावकारी भयो । कार्टुनमा रमाउन हामी बाध्य भाये । दश नै बजे पछि हिड्ने मनसायमा घरवेटी कटुवाल जी र सहारा आन्टीको सहमति भयो । कटुवालजीले छोरीलाई बोकेर केही ओर बाटो सम्म विदाइको आदरभाव जाहेर गरे । *(क्रमश:)*

## गणतन्त्र...

संविधानमा संस्थागत गरेको तीन बर्ष पूरा हुँदैछ तर गणतान्त्रिक शासन व्यवस्थाको नेपाली मर्मअनुसार कार्यान्वयन हुन सकेको छैन र जनताले गणतान्त्रिक शासन व्यवस्थाको कर्ताको अनुभूत गर्न पाएका छैनन् ।

जनताको नाममा शासन-सत्ता सञ्चालन गर्नेहरुले जनाधिकारलाई कुण्ठित नगरुन् तथा नेपालको गणतान्त्रिक शासन व्यवस्थाले जनता र मुलुकलाई पूर्ण लोकतान्त्रिक अधिकारयुक्त समृद्धितर्फ अग्रसर गराउन सकोस् भन्दै हामी राष्ट्रिय गणतन्त्र दिवसको यस पुनित उपलक्ष्यमा देश तथा विदेशमा रहनुहुने समस्त नेपाली जनसमुदायमा हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।

## नेपालीको...

कुल सार्वजनिक ऋणलाई कुल जनसंख्याले भाग गर्दा पर्न जाने दायित्व नै प्रतिव्यक्ति ऋण हो । तर यो ऋण जनताले तिर्नु पर्दैन सरकारले नै तिर्छ । बाह्य मुलुक, बहुराष्ट्रिय दाता र आन्तरिक स्रोतबाट सरकारले लिएको ऋण सार्वजनिक ऋण हो । अहिले सार्वजनिक ऋण ८ खर्ब ४३ अर्ब पुगेको छ ।

## स्वराजले...

नै खतराका बादलहरु देखिँदैछ । नेहरुपुत्री तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले तत नेपालको तराई भूभागलाई भारतमा गाभ्ने योजना नै बनाएकी थिइन् । तत्कालीन रअ प्रमुख काओ जो नेहरुका पर्सनल सेक्रेटरी समेत रहेका थिए, उनलाई सिक्किमको भारतमा विलयपछि नेपालको तराईलाई विलय गराउन निर्देशन दिएकी थिइन् । संकटकाल र निर्वाचनमा पराजयका कारण इन्दिराको मुराद पूरा हुन सकेन । नेपाल र चीनबीचको सम्बन्धले इन्दिरा झस्किएकी थिइन् ।

सन् १९६२ को चीन भारत युद्धमा चीनको जित गान्धीका लागि औडाहाको विषय बनेको थियो । पछि उनले तराईलाई फिजीकरण गर्ने नीति अख्तियार गरिन् । यो इन्दिरा डक्ट्रिन नै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मोदी डक्ट्रिनको रुपमा नयाँ ढंगले विकास गर्दै प्रयोग गरिरहेका छन् । नेपाललाई चीनको सामिप्य हुन नदिने, तराईमा भारतीयहरुको बाक्लो बसोबास गराएर कुनै लेण्डुपमार्फत तराईलाई भारतमा गाभ्ने उनको नयाँ रणनीतिलाई नजरअन्दाज गर्न सकिन्न । पटक पटकको मोदीको नेपाल भ्रमण नेपाल र नेपालीको हितका लागि नभएर आफ्नो हैकमवादी रवैया स्थापित गराउने उद्देश्यबाटै मुखरित छ । मोदीको नेपालको तेस्रो पटकको भ्रमण जनकपुरबाट हुनु मधेसी जनतामा आफ्नो प्रभाव विस्तार गर्नु नै हो । उनी जसरी सैन्य कमान्डो लिएर नेपाल आए, जनकपुरदेखि मुक्तिनाथ काठमाडौंसम्म जसरी भारतीय सैनिकहरुले मार्चपास गरे, भारतीय वायुसेनाले नेपाली आकाशमा जुन ढंगले गस्ती गऱ्यो, त्यसले नेपालको सार्वभौमिकता स्वतन्त्रता र स्वाधीनताको धज्जी काढेको छ ।

मोदीको जनकपुर नागरिक अभिनन्दनमा २ नं. प्रदेश सरकारले ट्रकका ट्रक मानिसहरु उताऱ्यो । २ नं. प्रदेशका घरलौरी जनकपुर जान बाध्य पारिए । विहारबाट उत्तिकै भारतीयहरु १२ बिघामा ओइरिए । मोदीले मज्जाले भाषण ठोके । भारतीय टिभी च्यानलहरुले मोदी भ्रमणको प्रत्यक्ष प्रसारण गरे । विहारको हिन्दु जनमतलाई भाजपाको पक्ष बनाउने चुनावी रणनीतिले अभिप्रेरित थियो मोदीको जनकपुर भ्रमण । नागरिक अभिनन्दनमा उपस्थित नेपालीहरु सबैलाई भारतीय विदेशमन्त्री सुष्मा स्वराजले भारतीय भनेर दाबी गर्नु मधेसी मूलका सम्पूर्ण नेपाली नागरिकको अपमान गर्नु हो । मधेसी नेपालीहरुको भारतीयकरण जसरी स्वराजले गरिन्, त्यसले नेपालको स्वतन्त्रताकै मज्जाक उडाएको छ ।

जनकपुर विहारको भूभाग होइन, नेपालकै मानचित्रभित्रको ऐतिहासिक भूमि हो । मोदीको नागरिक अभिनन्दनमा उपस्थित सम्पूर्ण जनता भारतीय होइनन् र थिएनन् । तराईमा झन्डै ४५ लाख भारतीयहरुले नेपाली नागरिकता हात पारेको अनुमान गरिएको छ । अझ नाकाबन्दीका बेला भारतीय गृहमन्त्री राजनाथ सिंहले त मधेसमा रहेका एक करोड भारतीयको सुरक्षा गर्नु भारत सरकारको दायित्व हो भनेका थिए । अहिले पनि भारतीय शासक वर्ग तराईका मधेसी मूलका नेपालीहरुलाई भारतीय नै ठानिरहेको छ । जनकपुर समेत भारतको भूभाग हो, यसलाई फिर्ता लिनुपर्छ भनेर भाजपा सांसद कीर्ति आजादले दुई वर्ष अघिदेखि नै भन्दै आएका छन् । जबकि सुगौली सन्धिअघि नेपाल टिस्टा र काँगडासम्म विस्तारित थियो । अंग्रेजले लुटेको नेपालको भूभागमा भारतीयहरुले राज गरिरहेका छन्, बर्सेनि सीमा स्तम्भ सारेर भत्काएर भूअतिक्रमण गरिरहेका छन्, उनीहरु नै जनकपुरमाथि दाबी गरेर नेपालको राष्ट्रिय अखण्डतामाथि धावा बोलिरहेका छन् ।

मोदी खुला दिलले नेपाल र नेपालीसँगको रोटीबेटीको सम्बन्ध कायम राख्न नेपाल भ्रमणमा आएका होइनन् । आराध्यदेव पशुपतिनाथलाई नाकाबन्दी गर्ने मोदीले पशुपतिनाथको पूजाअर्चना गर्नु हिन्दु ढोंगी चरित्र प्रदर्शन गर्नु मात्र हो । मोदी अझै नेपालको संविधानसँग सन्तुष्ट छैनन् । नेपालको प्रादेशिक सीमांकनमा पनि उनको त्यत्तिकै चासो छ । मोदी भ्रमणपछि सरकार पनि संविधान संशोधनमा लचक भएको छ । उपेन्द्रको फोरमसँगको दुई बुँदे सम्झौतापछि संविधान संशोधन गर्न सरकार तयार देखिएको हो । प्रदेश २ मा राजपाको स्पेस साँघुरो बन्ने डरले यो दल पनि सरकारमा सहभागी हुनैपर्ने बाध्यता छ । मोदीको नेपालको पानी राजनीतिलाई पानीजहाजको ओली सपनाले पूरा गर्ने डर बढ्दैछ । मोदी भ्रमणमा सरकारको लाचारी कतै समर्पण त होइन ? भन्ने प्रश्न अहिले अनुत्तरित छ ।

## छिङगाई...

प्रदर्शन गर्ने भएका छन् । उक्त प्रदर्शनीमा भाग लिन नेपाल गलैंचा निकासीकर्ता संघका अध्यक्ष रामबहादुर गुरुङको नेतृत्वमा गलैंचा व्यवसायीको एक प्रतिनिधिमण्डल मे ३१ तारिख त्यसतर्फ प्रस्थान गर्दैछ । यस पटकको प्रदर्शनीमा गत वर्षझैं नेपाल सरकार वाणिज्य मन्त्रालय अन्तर्गतको व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रसँगको सहकार्यमा संघले सहभागिता गर्दैछ । नेपाल गलैंचा निकासीकर्ता संघले चीनको सिनिङमा आयोजना हुने यस प्रदर्शनीमा विगत ९ वर्षदेखि भाग लिँदै आएको छ र

विगत ३ वर्षदेखि आफ्नो उत्कृष्ट सहभागिताका लागि आयोजकबाट बेस्ट अर्गनाइजेसन अवार्ड पनि प्राप्त गर्दै आएको छ । संघका अध्यक्ष रामबहादुर र कोषाध्यक्ष दानबहादुर चन्द प्रदर्शनी अवधिमा आयोजना हुने बैठकहरुमा नेपालको नेतृत्व गर्ने र छिङ्गाई प्रान्तीय सरकारका गभर्नर र अन्य विभिन्न निकायका प्रमुखहरु र चेम्बरका पदाधिकारीहरुसँग भेटघाट गर्ने कार्यक्रम छ । साथै उक्त प्रदर्शनीमा चीनका लागि नेपाली राजदूत महामहिम लिलामणि पौडेल छिङगाई प्रान्त सरकारको निमन्त्रणामा सहभागी हुनु हुने समाचार आयोजकबाट संघलाई प्राप्त भएको छ । नेपाली गलैंचा निकासीकर्ता संघको प्रेस विज्ञप्तिमा उक्त जानकारी गराइएको छ ।

## भारतसँग घाटाको...

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो नेपालको राजकीय भ्रमणले पनि व्यापारघाटा कम गर्ने मार्ग पहिल्याएनन् । कुल वैदेशिक व्यापारको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने भारतसँग आयात वृद्धि उच्च हुँदा व्यापारघाटा अत्यासलाग्दो रुपमा बढिरहेको छ । नेपालको कुल व्यापारघाटाको ६० प्रतिशतभन्दा बढी हिस्सा पनि भारतकै रहेको छ । चालु आर्थिक वर्षको सात महिनामै नेपालले भारतसँग ४ खर्ब ५ अर्बको व्यापारघाटा व्यहोरेको छ । यस अवधिमा नेपालले ४ खर्ब ३२ अर्बको वस्तु आयात गरेर २७ अर्ब १४ करोड रुपैयाँको मात्र निर्यात गरेको छ ।

अघिल्लो आर्थिक वर्षमा भारतसँगको व्यापारघाटा ३५ दशमलव ३ प्रतिशतले वृद्धि भएको थियो । चालु आर्थिक वर्षमा व्यापारघाटा वृद्धिदर अझ बढ्ने देखिएको छ ।

अघिल्लो आर्थिक वर्ष ०७३।७४ मा नेपालले भारतसँगको व्यापारमा कुल ५ खर्ब ९२ अर्ब २२ करोड रुपैयाँ घाटा व्यहोरेको थियो । यो नेपालको कुल व्यापारघाटाको ६४.६ प्रतिशत हिस्सा हो । उक्त आवमा नेपालले भारततर्फ ४ अर्ब ४४ करोड रुपैयाँ बराबरको मालवस्तु निर्यात गऱ्यो । जबकि सोही अवधिमा भारतबाट नेपालमा ६ खर्ब ३३ अर्ब ६४ करोड रुपैयाँ बराबरका मालवस्तु आयात भए । यो अवधिमा निर्यातको वृद्धिदर ५ प्रतिशत रह्यो भने आयात वृद्धिदर ३२.३ प्रतिशत पुग्यो ।

## सीम स्तम्भ...

जोखिममा छन् । सडक पुगेको चौंरी गाईको चरन क्षेत्र र पर्यटकको आगमन बढी हुने स्थानका सीमा स्तम्भ हराएका र जीर्ण अवस्थामा छन् । सीममा क्षेत्रमै रहेको पर्यटकीय फालोट क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढी हुने गरेको छ । दशगजा वरपर नेपाल भारत दुवै पक्षले संरचना निर्माण गर्न नहुने भए पनि भारतीय पक्षबाट सीमा स्तम्भ नै धरापमा पर्ने गरी सडक निर्माण गरिएको छ । यसले सीमा स्तम्भहरु जोखिममा परेका छन् । यहाँ ३५ नम्बरदेखि ५७२ नम्बरसम्मका सीमा स्तम्भ छन् । सरकारले सीमा स्तम्भहरु मर्मत सम्हार गरेर राख्ने जाँगर नदेखाउँदा नेपाली भूभाग मिचिने क्रम बढ्दैछ ।

## एसएसपी...

गरेको बयान दिएका थिए । खत्रीसँग सेटिङ मिलाउने छिरिङ वालेङ घले भएको उनको बयान थियो । गोरेले सुन तस्करीमा सघाउने प्रहरीलाई बुझाएको रकमको लिस्टमा खत्रीको पनि नाम परेको छ । खत्रीले पटकपटक गरी १ करोड १२

लाख रकम लिएको पाइएको थियो । तस्करीमा संलग्न अन्य अभियुक्तले पनि उनको नाम लिएका छन् । एसएसपी खत्रीलाई समातिए राजनीतिक तहका व्यक्तिहरुको संलग्नता पनि खुल्ने गोरेले बताउँदै आएका छन् । के अब खत्रीले सुन तस्करीमा ककसको संलग्नता थियो भनेर वास्तविकता प्रकट गर्न सक्लान् ?

## राई सरको...

विकट पहाडी गाउँमा बसेर शिक्षाको ज्योति छर्ने बाटो रोजे । खेलकुद, कला, संस्कृति, साहित्य सबै क्षेत्रका प्रतिभाशाली व्यक्तित्व राईले कडा परिश्रम गरी आफ्नो समयमा हाङपाङ स्कुललाई त्यस भेगकै अग्रणी शैक्षिक संस्थाको रुपमा उभ्याउन सफल भएका थिए ।

स्वास्थ्योपचारको क्रममा ठूलो आर्थिक अभाव झेलेका उहाँलाई आफ्नो शुभेच्छुकहरुले केही सहयोग गरे पनि सरकारले कहिल्यै नहेरेको नन्दकुमार प्रसाईंले बताउनुभयो । गिरिजाप्रसाद कोइरालादेखि खड्गप्रसाद ओलीसम्म प्रसाईं आफैंले राईको उपचार खर्चको निवेदन पेस गरी हारगुहार गरे तापनि कसैले नहेरेको तर कयौं व्यक्तिहरुलाई सरकारले स्वास्थ्य उपचारमा करोडौं बाँडेकोप्रति प्रसाईंले गुनासो गर्नुभयो । गणेशबहादुर राईलाई मरणोपरान्त अमर बनाउन उहाँका कृतिहरु प्रकाशित गर्न र उहाँका बारेमा संस्मरण पुस्तक निकाल्न शुभेच्छुक तथा विद्यार्थीहरुसँग आग्रह गर्नुभयो । राईको क्यानभास नामको अंग्रेजी कविताको पुस्तक तथा अन्य कृतिहरु प्रकाशित भइसकेका छन् । हाङपाङ एकता समाजका अध्यक्ष तेजेन्द्र प्रसाईंले समाजको तर्फबाट गणेशबहादुर राईकी धर्मपत्नी विद्या राईलाई समवेदना पत्र हस्तान्तरण गर्दै श्रद्धा ञ्जली व्यक्त गर्नुभएको थियो । हाङपाङका पूर्वशिक्षक तक्दिरराज प्रसाईंले सरस्वती माविले पठाएको समवेदनापत्र हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रमका सञ्चालक, पत्रकार तथा लेखक राजेश्वर थापाले राईको संस्मरणमा पुस्तक प्रकाशित गर्ने तयारी भइरहेको जानकारी दिँदै उहाँसँग जोडिएका संस्मरणहरु पठाउन आग्रह गर्नुभयो । कार्यक्रममा स्वर्गीय राईका जेठा छोरा संगीतकार अशोक राईले दुःखको क्षणमा सहानुभूति व्यक्त गर्ने सबैलाई धन्यवाद दिनुभएको थियो । स्वर्गीय राईका तीन छोरा, १ छोरी, बुहारी, ज्वाइँ, नातिनातिनाहरु रहेका छन् ।

## सम्झौता...

अनुसारको प्रशिक्षणको कार्यक्रम यही जेठ २० गते बाट सञ्चालन हुनेछ जस्मा १० जना सुविधाविहीन महिलाहरुले भाग लिनेछन् ।

प्रशिक्षणको अवधि ३ महिनाको हुनेछ र प्रशिक्षण सम्पन्न भएपश्चात प्रशिक्षित महिलाहरुलाई सुभाष टक्सटाइल आफैंले रोजगार दिनेछ । सम्झौतामा सुरेन्द्र ढकाल प्रतिष्ठानको तर्फबाट अध्यक्ष सुरेन्द्र ढकालले र सुभाष टेक्सटाइलको तर्फबाट निमित्त प्रोप्राइटर नेत्रबहादुर थापाले हस्ताक्षर गर्नुभएको थियो ।

उक्त प्रशिक्षण कार्यक्रम नेपाल कम्युनिष्ट पार्टी (माले) को जिल्ला कमिटी स्याङ्जाको सिफारिसमा सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सम्झौतापश्चात् पहिलो किस्तास्वरुप रु. ८० हजारको चेक अध्यक्ष ढकालले प्रोप्राइटर नेत्रबहादुर थापालाई सोही दिन हस्तान्तरण गर्नुभयो ।

## तरकारी...

लागि राज्यले कुनै नीति ल्याउन सकेको छैन । किसानले महिनौं लगाएर उत्पादन गर्ने तरकारी बजारसम्म पुग्दा उसले पाउने मूल्यभन्दा तीन सय गुढा बढी मूल्यमा बिक्री वितरण हुन्छ । तर किसानको हातमा त्यो नाफा पुग्दैन । ठगेर, दलाली गरेर जीविकोपार्जन गर्नेहरुले व्यापारीसँगको मिलेमतोमा सिन्डिकेटझैँ बजार कब्जा गरेका छन् जहाँ किसान निरीह भएर तरकारी आपूर्ति गरिरहेका छन् ।

सरकारले अब यस्को अन्त्य गरेर यातायातझैँ तरकारी बजारको सिन्डिकेट अन्त्य गर्न जरुरी छ । यातायात व्यवसायीलाई सिन्डिकेट खारेज गरेर कम्पनीमा दर्ता गर्न विकल्प दिइएको छ । त्यसरी नै तरकारी बजारमा पनि सिन्डिकेट अन्त्य गरेर सबै किसनालाई लाभांस बाँड्ने गरी तरकारी सहकारी संस्थाको अवधारणा कार्यान्वयनमा ल्याउन जरुरी छ । सदस्य केन्द्रित सहकारी संस्थाले किसानलाई सदस्य बनाएर सम्पूर्ण कारोबारमा हुने नाफालाई सेयरमा बोनस प्रदान गरी सर्वसाधारण तरकारी किसानलाई बजारमा हुने नाफाको हिस्सा प्रदान गर्न सक्नुपर्छ ।

## न्याय हारेको...

प्रहरी परिचालन गरेका थिए । प्रहरी प्रमुखको व्यक्तिगत क्षमतामाथि प्रश्न उठाउँदै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सर्वोच्चमा रिट निवेदन दायर गरेपछि अर्यालको पद धरापमा परेको थियो ।

निर्वाचनपछि ढुंगेललाई जेल मुक्त गर्ने तत्कालीन माओवादी केन्द्रको एक प्रमुख एजेन्डा थियो । चुनाव लगत्तै पुष्पकमल दाहाल प्रचण्डले बीबीसी नेपाली सेवालाई अन्तर्वार्ता दिँदै ढुंगेललाई रिहा गर्ने बताएका थिए । एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाको वर्तमान सरकारले ढुंगेललाई रिहा गरेर प्रचण्ड हुकुमको तामेली गरेको छ । गृहमन्त्री भएलगत्तै रामबहादुर थापा बादलले जेल सुधारको नाटक मञ्चन गरे । उनी डिल्लीबजार खोर गए र ढुंगेललाई गणतन्त्र दिवसमा जेलमुक्त गर्ने आश्वासन दिँदै जेल प्रशासनलाई

असल चालचलनको सिफारिस पत्र पठाउन आदेश दिए । सजाय माफीसम्बन्धी कार्यविधिमा, भ्रष्टाचार, लागूऔषध कारोबार, मानव बेचबिखन, यौनजन्य हिंसा, युद्ध अपराध, क्रुर अमानवीय र मान्यताविरुद्धका अपराधलाई माफी वा कम गर्न नसकिने प्रावधान छ । नेपालको संविधानको धारा २७६, कारागारसम्बन्धी ऐन २०१९ र सजाय माफी मुलतवी, परिवर्तन वा सजाय कम गर्न सक्ने कार्यविधि २०७१ लाई टेकेर ढुंगेललाई आम माफी दिने सिफारिस गरिनु कानुनी राज्यको बर्खिलापमा छ ।

२०७२ पुस ३ गते बाबुराम भट्टराई सरकारले ढुंगेललाई आम माफी दिन राष्ट्रपतिलाई गरेको सिफारिसविरुद्ध तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, न्यायाधीश सुशीला कार्की, वैद्यनाथ उपाध्याय, गोपाल पराजुली र ओमप्रकाश मिश्रको संवैधानिक इजलासले संविधानविपरीत भएको फैसला सुनाएको थियो । सम्मानित अदालतको उक्त फैसलामा संविधानको धारा २७६ अनुसार कानुनबमोजिम सजायलाई माफी, मुलतबी, परिवर्तन वा कम सजाय गर्ने प्रावधानअनुसार ढुंगेल त्यसबेला आम माफीबाट रोकिएका थिए । तर वर्तमान सरकारले यसलाई पालना गरेन । नयाँ कानुन नबनाई पञ्चायती कानुनलाई टेकेर आम माफीको सिफारिस गऱ्यो र राष्ट्रपति विद्यादेवी भण्डारीले ११ औं गणतन्त्र दिवसका अवसरमा ढुंगेललाई 'असल चालचलन' भएको भन्दै आम माफी दिइन् । ढुंगेललाई आम माफी दिने मन्त्रिपरिषद्को निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सर्वोच्चमा रिट दायर गरेका थिए । मुद्दा विचाराधीन रहेकै समयमा सरकारले त्यसलाई कार्यान्वयन गरिसकेपछि सर्वोच्चले थप निर्णय गर्न चाहेन र सरकारको निर्णय सदर गरेको बुझ्न सकिन्छ ।

ढुंगेललाई जसरी अहिले आम माफी दिइएको छ, त्यसले न्यायको क्षेत्रमा गलत नजिर स्थापित गराएको छ । ढुंगेलको रिहाइले द्वन्द्वकालका अन्य मुद्दामा समेत न्याय हुन नसक्ने देखिएको छ । ढुंगेल रिहा भएकै दिन आफ्ना छोरा कृष्णप्रसाद अधिकारीका हत्यारालाई कारबाही नहुने ठानेर गंगामाया अधिकारीले अनसन सुरु गरेकी छन् । उनका पति नन्दप्रसादले आमरणकै क्रममा इहलीला समाप्त गरे । उनको शवको अन्त्येष्ठि अझै गरिएको छैन । अस्पतालको मुर्दाघरबाटै उनको शवले मुलुकको न्यायप्रणालीलाई गिज्याइरहेको छ ।

अदालतबाट दोषी ठहर ढुंगेल जेलबाट रिहा भएपछि उज्जनकुमार श्रेष्ठकी ८३ वर्षीया आमा रामकुमारी श्रेष्ठ र उज्जवन पत्नी लक्ष्मी श्रेष्ठले न्याय माग्ने ठाउँ कहाँ हो भनेर भावविह्वल भएर सोधिरहेका छन् । फौजदारी अभियोगमा जेल सजाय भोगिरहेका ढुंगेललाई बाँकी कैद मिनाहा गरी रिहा गरेकोमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदमा आपत्ति जनाएको छ । सरकारको निर्णयले स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप गरेको कांग्रेस सांसदहरुले बताएका छन् । मिनी कांग्रेस भनेर चिनिने नेपाल विद्यार्थी संघका नेता कार्यकर्ताले समेत ढुंगेल रिहाइको विरोधमा सडकमा विरोध प्रदर्शन गरेको छ । अधिकारकर्मीहरुले पनि सरकारको निर्णयको चर्को आलोचना गरेका छन् ।